# खार्पुनाथ गाँउपालिका

# गाँउ शिक्षा योजना २०७९।८०।८१।८२

स्वीकृत मिति :२०७९।०९।१०　　　　छैटौं हिंउदे गाँउसभाबाट

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

# विषयसूची

खार्पूनाथ गाउँपालिका गाउँ शिक्षा योजना........ १
१. पृष्ठभूमी :........ 3
२. कानुनी व्यवस्था:........ 3
३. खार्पूनाथ गाउँपालिकाको सामन्य परिचय:........ 4
४. खार्पूनाथ गाउँपालिकाको शैक्षिक सूचक २०७८:........ 6
५. लक्ष्य :........ 7
६. उद्देश्य:........ 7
७.प्रारम्भिक बालविकास र शिक्षा........ 7
७.१ परिचय:........ 7
७.२ उद्देश्यहरु........ 8
७.३ रणनीति, कार्यनीति र कार्यक्रमहरु:........ 8
७.४ कार्यान्वयन तालिका:........ 10
८. आधारभूर शिक्षा:........ 11
८.१ परिचय:........ 11
८.२ उद्देश्यहरु:........ 12
८.३ रणनीति र कार्यक्रमहरु:........ 12
८.४ कार्यान्वयन तालिका:........ 15
९. माध्यमिक शिक्षा:........ 19
९.१ परिचय:........ 19
९.२ उद्देश्य:........ 20
९.४ कार्यान्वयन तालिका:........ 22
१०. परीक्षा तथा प्रमाणीकरण:........ 23
१०.३ रणनीति तथा कार्यक्रम:........ 24
१०.४ कार्यान्वयन तालिका:........ 25
११. प्राविधिक र व्यावसायिक शिक्षा:........ 26
११.२ उद्देश्य:........ 26

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

११.३ रणनीति र कार्यक्रमः ........ 26

११.४ कार्यान्वतन तालिकाः ........ 28

१२. अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षाः ........ 29

१२.२ उद्देश्यः ........ 30

१२.३ रणनीति र कार्यक्रमः ........ 30

१२.४ कार्यान्वयन तालिकाः ........ 31

१३ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम :........ 29

१३.१ परिचय :........ 30

१३.२ उद्देश्यः ........ 31

१३.३ रणनीति र कार्यक्रमहरुः ........ 32

१३.४ कार्यान्वयन तालिकाः ........ 33

१४. सुरक्षित विद्यालयः ........ 34

१४.२ उद्देश्यः ........ 34

१४.३ रणनीति र कार्यक्रमहरुः ........ 35

१४.४ कार्यान्वयन तालिकाः ........ 35

१५. विविधः ........ 37

१५.२ उद्देश्यः ........ 37

१५.३ रणनीति र कार्यक्रमहरुः ........ 37

१५.४ कार्यान्वयन तालिकाः ........ 38

अनुसूचीहरूः ........ 38


विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

# खार्पूनाथ गाउँपालिकाको गाउँ शिक्षा योजना

(२०७९/०८०-२०८१/०८२)

## १: पृष्ठभूमी .

नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको हुँदा शिक्षामा सबै नागरिकको पहुँचको सुनिश्चितताका साथै गुणस्तरीय शिक्षा प्रदान गर्नु प्रमुख कतर्व्य हुन आएको छ । शिक्षाले रोजगारी र आय आर्जनको अवस्था सृजना गरी मानिसको जीवन स्तरमा सुधार ल्याउनुका साथै सामाजिक र सांस्कृतिक विकास मार्फत् सभ्य समाजको निर्माण गर्नु नागरिकको सबै भन्दा नजिकको सरकार स्थानीय तह भएको हुनाले यस गाउँपालिकाको जिम्मेवारीका साथै कर्तव्य समेत हुन आउँछ । शिक्षामा गरेको लगानीले विकासको समग्र पक्षमा प्रभाव पर्ने हुँदा लगानी बृद्धि तर्फ राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा जोडदार आवाज उठ्दै आएको छ । युनस्कोद्वारा प्रकाशित EFA Global Monitoring Report ले शिक्षाको लक्ष्य हासिल गर्न सबै राष्ट्रलाई कुल राष्ट्रिय उत्पादनको ६ प्रतिशत र वार्षिक बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्ने सुझाव दिएको छ । सोही प्रतिवेदनमा कुल राष्ट्रिय उत्पादनको १.८ प्रतिशत बराबरको लगानी सिकाइ सुधारमा लगाउने हो भने प्रतिव्यक्ति आयमा १ प्रतिशतले बृद्धि हुने तथ्य पनि उल्लेख गरिएको छ । यसै गरी दिगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ४ मा "समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसरहरू प्रदान गर्ने," भनी लक्ष्य प्राप्तिका लागि मार्गदर्शकको रूपमा अगाडि सारिएको छ ।

योजना भविष्यमा गरिने कामहरू भएकाले तथ्यमा आधारित रहेर गरिने क्रियाकलापहरू र त्यसमा लाग्ने खर्चको अनुमान गरिएको हुन्छ । प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको विद्यालय शिक्षालाई व्यवस्थित गरी विद्यालय उमेर समूहका बालबालिकालाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तरीय सिकाइ उपलब्धि गराउनु, जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने रोजगारमूलक, व्यवसायिक, प्रविधियुक्त र सीपमूलक शिक्षा प्रदान गर्नु, अनौपचारिक शिक्षाको माध्यमबाट सबै नागरिकहरूलाई जीवन पर्यन्त सिक्ने वातावरण सृजना गरी शिक्षाको अवसर प्रदान गर्नु खार्पूनाथ गाउँपालिकाको मुख्य भूमिका रहन गएको छ । विद्यालय शिक्षालाई गुणस्तरीय बनाई सामुदायिक विद्यालयमा अभिभावकहरूको आकर्षण बढाउनुका साथै शिक्षामा लगानी गर्ने वातावरण सृजना गर्नुपर्ने अवस्था आएको छ । त्यसैले स्थानीय सरकारको हैसियतले विद्यालय शिक्षा सर्वसुलभ, गुणस्तरीय, अनिवार्य एवं निःशुल्क बनाई आशातित उपलब्धि गरेर यस गाउँपालिकालाई शैक्षिक गन्तव्यको थलोको रूपमा विकास गर्ने ध्येयले यो पाँच वर्षे गाउँ शिक्षा योजना तयार गरिएको छ ।

## २. कानुनी व्यवस्था:

नेपालको संघीय लोकतान्त्रिक संविधानमा शिक्षा सम्बन्धी मौलिक हक, राज्यको निर्देशक सिद्धान्त तथा राज्यका नीतिहरू र प्राथमिकताका क्षेत्रहरू उचित व्यवस्था गरिएको छ । नेपालको संविधानको भाग ३ को मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकको सुनिश्चितता गरिएको छ । ती मौलिक हकहरू निम्न छन् :-

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
३. अपाङ्ग भएका र आर्थिक रूपले बिपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
४. दृष्टिबिहिन नागरिकलाई ब्रेल लिपी तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्ग भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्न र सञ्चालन गर्ने हक हुनेछ ।
यसै गरी धारा ३८ मा महिलाको हकसम्बन्धी उपधारा (५), धारा ३९ मा बालबालिकाको हक सम्बन्धी उपधारा (२), (३) (७) र (९), दलितको हक सम्बन्धी धारा (४०) उपधारा (२) मा, सामाजिक न्यायको हक सम्बन्धी धारा ४२ को उपधारा २ र उपधारा ५ मा शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ ।
यसै गरी संविधानको भाग ४ मा राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्व सम्बन्धी धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिहरूमा शिक्षा सम्बन्धी ४ वटा प्रमुख नीतिहरूलाई प्राथमिकताका साथ उल्लेख गरिएको छ ।
नेपालको संविधानको राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँसभाले बनाएको कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको छ । संविधानको अनुसूची ५, ६, ७ , ८ र ९ मा अन्य संवैधानिक निकायहरूका साथै शिक्षासँग सम्बन्धित अधिकार र राज्य शक्तिको बाँडफाँडको व्यवस्था संघ, प्रदेश र स्थानीय सरकारलाई गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (ज) ११ मा स्थानीय सरकारालाई माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन एवं सञ्चालनको अधिकार प्रदान गरिएको छ ।

## ३ खार्पूनाथ गाउँपालिकाको सामन्य परिचय:

खार्पूनाथ गाउँपालिका नेपालको कर्णाली प्रदेश अन्तर्गत हुम्ला जिल्लामा पर्दछ । यस गाँउपालिकाको स्थापना नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार तत्कालिन माननीय संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका खार्पूनाथ,छिप्रा,राया र लाली गा.वि.स गरी ४ वटा गा.वि.स.समावेश गरी भएको हो । खार्पूनाथ गाउँपालिकामा हाल ५ वटा वडाहरु कायम गरिएको छ भने यस गाउँपालिकाको पूर्वमा चंखेली गाउँपालिका,पश्चिममा सिमकोट गाउँपालिका, उत्तरमा चिनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा सर्केगाढ गाउँपालिका पर्दछ । भौगोलिक हिसाबले ८२ डिग्री ५५ मिनेट ३० सेकेण्ड देखि ८३ डिग्री ३ मिनेट ३० सकेण्ड पूर्वी देशान्तर सम्म र २८ डिग्री ५ मिनेट ३० देखि २८ डिग्री १२ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा सम्म अवस्थित खार्पुनाथगाउँपालिका प्रदेश नं ६ को १०६.९३ वर्ग कि.मी. क्षेत्रफल रहेको छ । खार्पुनाथको अधिकतम तापक्रम ३२.४ डिग्री सेल्सीयस, न्यूनतम तापक्रम ८.०

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

डिग्री सेल्सीयस रहेको पाईन्छ । हुम्ला जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरुमा धेरै सम्भावना बोकेको गाउँपालिकाको रुपमा खार्पुनाथ गाउँपालिका हुनुका साथसाथै सचेत राजनैतिक दल र उत्प्रेरीत गाउँवासी समेत यो गाउँपालिकाका दरिलो अनि दिगो विकासको श्रोतका रुपमा रहेका छन् । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । यस गाउँपालिकामा ५ वडा रहेका छन् । ग्रामीण क्षेत्रको रुपमा रहेको गाउँपालिकामा प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को श्रोतको रुपमा जडिबुटी बेचबिखन पनि एक हो । यस गाउँपालिकामा आधारभूत देखि माध्यामिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्थाहरु १२ वटा आधारभूत बिद्यालय र ५ वटा मा.वि गरी जम्मा १७ वटा शिक्षण संस्थाहरु संचालित छन् । अध्ययनका लागि यस गाउँपालिकाका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिकाबाट आउने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएको भएपनि केही सिमान्तकृत वर्गमा रहेका नागारिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवस्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । गाउँपालिकाको गठन हुँदा समाविष्ट साविकका गाविसहरु, वडाको क्षेत्रफल सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं १:वडा अनुसार गाउँपालिकाको क्षेत्रफल

| वडा नं. | समावेश गरिएका साविकका गाविस | क्षेत्रफल (बर्ग किमिमा) | प्रतिशत |
|---|---|---|---|
| १ | लाली  वडा नं. १-९ | ३८.८९ | ४.४२ |
| २ | राया वडा नं. १-९ | ६८.९८ | ७.८४ |
| ३ | छिप्रा वडा नं. १-९ | ३३.६४ | ३.८२ |
| ४ | खार्पूनाथ वडा नं. १-९ | ७३८.४९ | ८३.९२ |
| | **जम्मा** | **८८०** | **१००** |

स्रोत: संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७४

तालिका नं २ :खार्पूनाथ गाउँपालिकाको बिस्तृत विवरण

| क्र. सं. | वडा नं. | समावेस गरिएका गाविस र वडाहरु | घरधुरी संख्या | पुरुष | महिला | जनसंख्या | क्षेत्रफल (बर्ग किमिमा) |
|---|---|---|---|---|---|---|---|
| १ | १ | लाली  वडा नं. १-९ | ३३७ | १०३८ | ९७७ | २०१५ | ३८.८९ |
| २ | २ | राया वडा नं. ५-९ थाली | २३३ | ५२१ | ५७५ | १०९६ | १३.२१ |
| ३ | ३ | राया वडा नं. १-४ राया | २३९ | ७०४ | ६६२ | १३६६ | ५५.७७ |
| ४ | ४ | छिप्रा वडा नं. १-९ | २९५ | ७१४ | ६९४ | १४०८ | ३३.६४ |
| ५ | ५ | खार्पूनाथ वडा नं. १-९ | ३३६ | ९८५ | ११४६ | २१३१ | ७३८.४९ |
| **जम्मा** | | | **१४७५** | **३९६२** | **४०५४** | ८०१६ | ८८० |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

*स्रोत : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय राज्य पूनर्संरचना आयोग २०७३ तथा राष्ट्रीय जनगणना २०७८*

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कूल घरपरिवार १४७५ र जनसंख्या ८५१२ थियो । जसमा महिलाको जनसंख्या **३९६२** र पुरुष जनसंख्या **४०५४** एवं लैंगिक अनुपात ९९.५० रहेको थियो भने घरपरिवार सर्वेक्षण, २०७९ अनुसार यस गाउँपालिकाको घरधुरी संख्या १४७५ र जनसंख्या ८०१६ रहेको छ । वडा अनुसार सबैभन्दा उच्च जनसंख्या वडा नं. ५ मा १७५० रहेको छ भने सबै भन्दा न्यून वडा नं. २ मा ९७८ रहेको देखिन्छ । हालको विवरण अनुसार औषत घरपरिवारको आकार ५.३२ र लैंगिक अनुपात ९९.५० रहेको छ । यस सम्बन्धी वडागत रुपमा जनसंख्या वितरणको अवस्था विवरण देहाय बमोजिम रहेको छ ।

तालिका नं ३:वडा अनुसार जनसंख्या विवरण

| वडा नं | जनगणना २०७८ अनुसार | | | | | | घरपरिवार सर्वेक्षण २०७५ अनुसार | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरपरिवार | जनसंख्या | | | औषत घरपरिवारको आकार | लैंगिक अनुपात | घरपरिवार | जनसंख्या | | | औषत घरपरिवारको आकार | लैंगिक अनुपात |
| | | महिला | पुरुष | जम्मा | | | | महिला | पुरुष | जम्मा | | |
| **1** | ३३७ | ९७७ | १०३८ | २०१५ | 5=16 | 104=2 | 318 | 826 | 850 | 1676 | 5=27 | 97=18 |
| **2** | २६९ | ७७१ | ८२१ | १५९२ | 4=25 | 90=49 | 195 | 455 | 520 | 975 | 5=00 | 87=50 |
| **3** | २३८ | ६६२ | ७०४ | १३६६ | 5=70 | 104=23 | 210 | 573 | 592 | 1165 | 5=55 | 96=79 |
| **4** | २९५ | ६९४ | ७१४ | १४०८ | 4=88 | 115=46 | 277 | 719 | 659 | 1378 | 4=97 | 109=10 |
| **5** | ३३६ | ११४६ | ९८५ | २१३१ | 5=62 | 98=53 | 305 | 837 | 913 | 1750 | 5=74 | 91=68 |
| **जम्मा** | **१४७५** | **४२६२** | **४२५०** | **८५१२** | **5=15** | **102=59** | **1305** | **3410** | **3534** | **6944** | **5=32** | **96=49** |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७८ तथा घरपरिवार सर्वेक्षण २०७७*

## ४. खार्पूनाथ गाउँपालिकाको शैक्षिक सूचक :२०७९

शैक्षिक गुणस्तर सम्बन्धी विवरण

आर्थिक वर्ष २०७९/०८०

| सिं नं | शैक्षिक सूचकहरू | वर्तमान अवस्था | लक्ष्य २०८०/८१ सम्म |
|---|---|---|---|
| १ | १५-६० वर्ष माथिको साक्षरता प्रतिशत | ९५.५ | ९८ |
| २ | बालविकास केन्द्रको अनुभव सहित कक्षा १ मा भर्ना दर | ९० | ९९ |
| ३ | बालविकास केन्द्रको कुल भर्नादर | ९५.७ | १०० |
| ४ | प्रा.वि.तर्फको सहजै देखिने भर्नादर | ९८ | १०० |
| ५ | प्रा.वि. तहको खुद भर्नादर | ९७.३ | १०० |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ६ | नि.मा.वि.तहको सहजै देखिने भर्नादर | ८७.३ | १०० |
| ७ | नि.मा.वि.तहको खुद भर्नादर | ९२.५ | १०० |
| ८ | मा.वि. तहको सहजै देखिने भर्नादर | ७० | ९५ |
| ९ | मा.वि. तहको खुद भर्नादर | ५२ | ९० |
| १० | प्रा.बि.तहको शिक्षक विद्यार्थी अनुपात | २५ | २५ |
| ११ | नि.मा.वि शिक्षक विद्यार्थी अनुपात | २८ | २८ |
| १२ | मा.वि.शिक्षक विद्यार्थी अनुपात | ५५ | ४० |
| १३ | प्राथमिक लैङ्गिक सुचकको भर्ना दरको आधारमा | १:१ | १:१ |
| १४ | नि.मा.वि. लैङ्गिक सूचकको भर्ना दरको आधारमा | १:१ | १:१ |
| १५ | मा.वि. लैङ्गिक सूचकको भर्ना दरको आधारमा | १.१:१ | १:१ |
| १६ | प्राथमिक तह उत्तीर्णदर | ८० | ९५ |
| १७ | प्राथमिक तह कक्षा छोड्नेदर | ५ | १ |
| १८ | प्राथमिक कक्षा दोहोऱ्याउनेदर | ८ | ५ |
| १९ | नि.मा.तह उत्तीर्ण दर | ९० | १०० |
| २० | नि.मा.वि.तह कक्षा छाड्ने दर | ६ | २ |
| २१ | नि.मा.वि.तह कक्षा दोहोऱ्याउने दर | १० | ४ |
| २२ | मा.वि.तह उत्तीर्णदर | ९० | ९८ |
| २३ | मा.बि.तह कक्षा छाड्ने दर | ५ | १ |
| २४ | मा.वि.तह कक्षा दोहोऱ्याने दर | ७ | ३ |
| २५ | कक्षा ३ को सिकाइ उपलब्धि | ६५.७२ | ८० |
| २६ | कक्षा ५ को सिकाइ उपलब्धि | ६१.३७ | ७५ |
| २७ | कक्षा ८ को सिकाइ उपलब्धि | ५८.५४ | ७५ |

५ .लक्ष्य : " **खार्पूनाथ गाउँपालिकाले आगामी पाँच वर्षभित्र सबै नागरिकलाई शिक्षामा पहुँचको अवसर प्रदान गरी, समावेशिताका आधारमा गुणस्तरीय शिक्षा प्रदान गर्ने** "।

**६ .उद्देश्यः**

क) शिक्षामा सबैको समतामूलक पहुँच पुऱ्याउने ।

ख) सिकाइमैत्री, भय तथा हिंसा रहित वातावरण तयार गरी सबै बालबालिकाहरूलाई (जातजाति, लिङ्ग, धर्म तथा रङ्गका कारण विभेदरहित) गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

ग) सिकाइ मैत्री वातावरण निर्माण गरी व्यावसायिक, सीपमूलक र प्रविधिमूलक शिक्षामा जोड दिने ।

घ) शैक्षिक सुशासन प्रबर्द्धन गर्ने ।

## ७. प्रारम्भिक बालविकास र शिक्षा

### ७.१ परिचय :

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौँ संशोधनले बालविकास र शिक्षालाई विद्यालय

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

शिक्षाकै अंगको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर खार्पूनाथ गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ ।

खार्पूनाथ गाउँपालिकामा हाल ३९ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् जसमध्ये ६ वटा समुदायमा, ३३ वटा सामुदायिक विद्यालयमा आधारित छन् । जसमा समुदायमा र विद्यालयमा आधारित बालविकास केन्द्रमा ३ र ४ बर्ष उमेर समूहका ६१७ बालबालिका अध्ययन गरिरहेका छन् । हाल सञ्चालनमा रहेका केही बालविकास केन्द्रहरू न्यूनतम मापदण्ड अनुसार नभएको हुनाले तिनीहरूको सुधारका कार्यहरू गर्नु पर्ने आवश्यकता देखिन्छ । बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनुपर्नेमा सो नभई कुनै स्थानमा २ वा सो भन्दा बढी र कुनै स्थानमा एउटा पनि बालविकास केन्द्र नभएको अवस्था रहेको छ । भूगोल, जनसंख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजना, स्थानान्तरण एवं नयाँ स्थापना गर्नुपर्ने जरुरी हुन आउँछ । यसै गरी स्थापना भएका बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी छ भने नयाँ स्थापना हुने बालविकास केन्द्रहरूको स्थापना लगायत क्षमता अभिवृद्धि गर्दै जानु जरुरी हुन आउँछ । खार्पूनाथ गाउँपालिकाले गाउँपालिकाभित्र रहेका बालविकास केन्द्र उमेर समूहका बालबालिकाको जनसंख्याको आधारमा बालविकास केन्द्रको स्थापना, सञ्चालन, रेखदेख लगायतका कार्यहरू योजनामा समेटिएका छन् । गाउँपालिकामा सञ्चालित बालविकास केन्द्रको विवरण अनुसूची-२ मा दिइएको छ ।

## ७.२ उद्देश्यहरु

- गर्भदेखि चार वर्षसम्मको उमेर समूहका बालबालिकालाई पोषण, सुरक्षा र विकासका लागि अभिभावकहरूलाई सहयोग र सचेत गराउने ।
- चार वर्षको उमेर समूहका सबै बालबालिकालाई १ वर्षको बालविकास शिक्षा कार्यक्रमको माध्यमबाट शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक, नैतिक सृजनात्मक पक्षको विकास गराई कक्षा १ मा प्रवेशका लागि तयार गराउनु ।
- बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ को मापदण्ड अनुसार बनाएर गुणस्तरीय बनाउने ।

## ७.३ रणनीति कार्यनीति र कार्यक्रमहरु:

| रणनीति | कार्यनीति | कार्यक्रम |
|---|---|---|
| • पोषण र बालअधिकारबारे अभिभावकहरूलाई | • अभिभावकलाई जिम्मेवार बनाइने छ ।<br>• तथ्याङ्क सङ्कलन गरी बालविकास केन्द्रको प्रवर्द्धनमा लगानी सुनिश्चितता | १) भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने ।<br>२) अभिभावक शिक्षा कार्यक्रम |



विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | |
|---|---|---|
| जानकारी दिने र सुनिश्चिता गर्ने ।<br>• बालविकास केन्द्र विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकास गरी सबै बालबालिकाका लागि अनिवार्य रूपमा भर्ना गर्ने<br>• जन्मदेखि ३ बर्ष उमेर सम्मका बालकालिकाको बौद्धिक तथा संवेगात्मक विकासका लागि अभिभावक तथा धरालोको लागि बालबाविकासमा आधारित सचेतना दिइने छ ।<br>• प्रारम्भिक उमेरका बालबालिकालाई मध्यनजर राख्दै निजी तथा सामुदायिक क्षेत्रलाई प्रोत्साहित गर्दै बालउद्यानको अवधारणा क्रमशः ल्याइने छ । | गरिनेछ ।<br>• भौतिक पक्ष र सहयोगी कार्यकर्ता को योग्यता क्षमतालाई बढाउने कार्यनीति तय गरिनेछ ।<br>• कम्तीमा एक विद्यालय/मदरसामा एक बालविकास केन्द्र र आवश्यकता अनुसार समुदायमा पनि बालविकास केन्द्र स्थापना गर्ने ।<br>• बालविकास केन्द्रमा नियमित स्वास्थ्य सेवा उपलब्ध गरिनेछ ।<br>• अभिभावकको साझेदारीमा बालविकास केन्दका बालबालिकालाई स्वस्थ तथा पोषणयुक्त खाजाको प्रबन्ध गरिने छ ।<br>• बालविकास केन्द्रलाई बसाइ व्यस्थापन सिकाइ सामग्री, सन्दर्भ सामग्रीहरू उपलब्ध गरी सिकाइ वातावरण निर्माण गरिनेछ ।<br>• कक्षा १ मा भर्ना हुने सबै बालबालिका सबैले बालविकास केन्द्रको अनुभव प्राप्त गरेको सुश्चित गरिनेछ ।<br>• जनघनत्व, जागरुक जनता, सामुदायिक सम्पत्तिको सुरक्षा तथा विकास क्षेत्रको सम्भावनाको आधारमा बालउद्यानको विकास क्रमशः गरिने छ । | सञ्चालन ।<br>३) व्यवस्थित बालविकास केन्द्र, शिशु स्याहार, मन्टेस्वरी, सञ्चालनको लाीग न्यूनतम मापदण्ड पूरा भए नभएको अनुगमन गरी नियमनका लागि आवश्यक कदम बढाउने ।<br>४) बालविकास केन्द्रका सहजकर्ताहरूको क्षमता अभिवृद्धि गरी गुणस्तरीय सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गराउने ।<br>५) स्वास्थ्य परीक्षण शिविर सञ्चालन तथा सिकाइ सामग्री, अभ्यास पुस्तिका व्यवस्थापन तथा सहयोग ।<br>६) समुदायको वस्ती, बालबालिकाको संख्या र बालविकास केन्द्रको दूरीलाई आधारमानी बालविकास केन्द्र संख्या विस्तार र समायोजन गर्ने । |
| • असहाय, अनाथ, गरिब अपाङ्गता भएका बालबालिकालाई स्थानीय तहले संरक्षण गरी, समतामूलक शिक्षा प्रदान गर्ने । | • आवागमन तथा सुरक्षा र सहयोगी बन्न अभिभावकहरूलाई जिम्मेवार बनाउने ।<br>• अपाङ्गताको प्रकृति अनुसार सम्बन्धित सिकाइ केन्द्रको पहुँचलाई सुनिश्चित गर्ने ।<br>• अपाङ्गता भएका बालबालिकाका अभिभावकहरूलाई आयमूलक सीप तथा रोजगारको अवसरमा प्राथमिकता दिइने । | ७) अभिभावकलाई सचेतीकरणका लाीग सचेतनामूलक तालिम सञ्चालन गर्ने ।<br>८) सिकाउने साधन र तरिकालाई प्रयोग गर्ने ।<br>९) आार्थिक रूपमा विपन्न अभिभावकहरूलाई आयमूलक सीप तथा रोजगारको व्यवस्था गर्ने ।<br>१०) सबै बालविकास केन्द्रमा खानेपानी, शौचालय, सिकाइ सामग्री |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | |
|---|---|---|
| | | लगायत राष्ट्रिय न्यूनतम मापदण्डमा उल्लेखित सुविधा उपलब्ध गराउने<br>११) अपाङ्गता भएका बालबालिकालागि सहयोगी सामग्री ( सेतो छडी, इयर डिभाइस्, ह्विल चियर) को व्यवस्था गर्ने । |

## ७ ४. कार्यान्वयन तालिका:

| क.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत (हजारमा) | समय अवधि |
|---|---|---|---|---|---|
| १ | भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने । | बालविकास केन्द्र, विद्यालय, संघसंस्था सम्बन्धित वडा र गाउँपालिका | बैठक, प्रचार प्रसार, घरदैलो भेटघाट र प्रचार प्रसार | ४०० | प्रत्येक शैक्षिक सत्रको पहिलो महिना |
| २ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन । | बालविकास केन्द्र, विद्यालय, संघ संस्था, सम्बन्धीत वडा र नगरपालिका | तालिम, गोष्ठी, रेडियो शिक्षा | २५० | निरन्तर |
| ३ | व्यवस्थित बालविकास केन्द्र, सञ्चालनको लागि, शिशु स्याहार, मन्टेस्वरीको न्यूनतम मापदण्ड पूरा भए नभएको अनुगमन गरी नियमनका लागि आवश्यक प्रकिया बढाउने । | सम्बन्धित वडा तथा गाउँपालिका | अनुगमन सूचकका साथ एकल तथा संयुक्त सघन अनुगमन निरीक्षणबाट | - | निरन्तर |
| ४ | बाल विकास केन्द्रका सहजकर्ताहरूका लागि सिकाउने साधन र तरिकालाई उपयुक्त ढङ्गले प्रयोग गरी क्षमता अभिवृद्धि गरी गुणस्तरीय सिकाइ कियाकलाप सञ्चालन । | गाउँपालिका र संघसंस्था | तालिम, बैठक, अन्तरकिया, छलफल, अवलोकन भ्रमण, बालविकास केन्द्र भ्रमण तथा सहयोग | १००० | निरन्तर |
| ५ | स्वास्थ्य परीक्षण शिविर सञ्चालन तथा सिकाइ सामग्री, अभ्यास पुस्तिका | वडा, गाउँपालिका, सहजकर्ता, समुदाय, संघसंस्था | आवश्यकता पहिचान तथा सामग्री उपलब्ध | १००० | हरेक वर्ष |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यवस्थापन तथा सहयोग । | | | | |
| ६ | समुदायको वस्ती, बालबालिकाको संख्या र बालविकास केन्द्रको दूरीलाई आधारमानी बालविकास केन्द्र व्यवस्थापन र समायोजन गर्ने । | गाउँपालिका, वडा कार्यालय | नक्सांकनको आधारमा | ३००० | प्रत्येकवर्षका चैत्र माहिना भित्र |
| ७ | आर्थिक रूपमा विपन्न अभिभावकहरूलाई आयमूलक सीप तथा रोजगारको व्यवस्था गर्ने । | गाउँपालिका, संघसंस्था | आवश्यकता पहिचान, सीपमूलक तथा रोजगारमूलक छोटो अवधिको तालिम सञ्चालन | २००० | प्रत्येक शैक्षिक सत्रको पहिलो महिना |
| ८ | सबै बालविकास केन्द्रमा खानेपानी, शौचालय, सिकाइ सामग्री लगायत राष्ट्रिय न्यूनतम् मापदण्डमा उल्लेखित सुविधा उपलब्ध गराउने | गाउँपालिका, सम्बन्धीत वडा र संघसंस्था | आवश्यकताको पहिचान गरी निर्माणका लागि सहयोग उपलब्ध गर्ने | १८००० (१५ इसिडी) | प्रयेक आ.वा.को दोस्रो चौमासिक |
| ९ | अपाङ्गता भएका बालबालिकालागि सहयोगी सामग्री (सेतो छडी, इयर डिभाइस्, ह्लि चियर) को व्यवस्था गर्ने । | गाउँपालिका तथा सम्बन्धित वडा, संघसंस्था | आवश्यकता पहिचान समन्वय तथा सामग्री विवरण | १०० | शैक्षिक सत्रको सुरुमा |
| १० | दिवा खाजाका लागि टिफिन वितरण , | गाउँपालिका, सम्बन्धित वडा एवं संघसंस्था | माग सङ्कलन तथा विवरण | १७०० | शैक्षिक सत्रको सुरुमा |
| ११ | नमुना वालविकास केन्द्र निर्माणका लागि ब्यवस्थापन गर्ने । | गाउँपालिका, सम्बन्धित वडा एवं संघसंस्था | माग सङ्कलन तथा विवरण | २००० | शैक्षिक सत्रको सुरुमा |

# ८. आधारभूर शिक्षा:

## ८ १. परिचय:

विद्यालय क्षेत्र सुधार योजना २०६६–२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १–८ लाई आधारभूत शिक्षा र कक्षा ९–१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ । पहिलेको प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहले व्यक्ति, समाज र राष्ट्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने भएकोले नेपालको संविधानको धारा ३१ (१) मा यसलाई नागरिकको मौलिक हक अन्तरगत राखिएको छ । गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र



विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन् । युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ । आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि खार्पूनाथ गाउँपालिकाले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरू समावेश गरेको छ ।

खार्पूनाथ गाउँपालिका भित्र हाल कक्षा १–३ सञ्चालित ३ कक्षा १–५ सञ्चालित ४ र कक्षा १–८ सञ्चालित ५ विद्यालयहरू गरी विद्यालयहरूको संख्या १२ वटा रहेको छ । यस तहमा जम्मा २०७९ जना विद्यार्थीहरू अध्ययनरत छन् । यी आधारभूत विद्यालयहरूमा दरबन्दीमा ५३ र ७ राहत गाँउपालिका अनुदान ४९ तर्फ गरी जम्मा १०६ शिक्षकहरू कार्यरत छन् । यस पालिकामा सालाखाला शिक्षक विद्यार्थी अनुपात १ : २५ विद्यार्थी पर्न गएको छ । शिक्षकको वर्गीकरण हेर्ने हो भने अझ विकराल तथ्याङ्क देखा पर्दछ । आधारभूत तहमा जम्मा १०६ जना शिक्षकहरू कक्षा १ देखि ८ सम्म अध्यापनरत रहेको देखिन्छ । खार्पूनाथ गाउँपालिकाको विद्यालय, अनुसूची ३ मा उल्लेख गरिएको छ ।

## ८ २. उद्देश्यहरु:

- ५–१२ वर्ष उमेर समुहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको सुनिश्चितता गर्ने ।
- आधारभूत तहको शिक्षालाई, निःशुल्क, अनिवार्य, बालमैत्री, समावेशी तथा पहुँच सुनिश्चित गर्ने ।
- आधारभूत तहको शिक्षालाई व्यवहारिक, अनुसन्धानात्मक शिक्षण प्रक्रिया, सिकाइमैत्री तथा दण्ड र भयरहित वातावरणद्वारा गुणस्तरीय शिक्षा प्रदान गर्नै । ।
- कक्षा १ मा भर्ना भएका सबै बालबालिकालाई कक्षा ८ सम्मको शिक्षा अनिवार्य रूपमा पूरा गराउनु ।
- निर्धारित सिकाइ सक्षमता हासिल गरेका विद्यार्थीहरूलाई माध्यमिक शिक्षामा प्रवेशका लागि तयारी गराउनु ।

## ८ ३.रणनीति र कार्यक्रमहरु:

| रणनीति | कार्यनीति | कार्यक्रम |
|---|---|---|
| ५ देखि १२ वर्ष समूहका सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षाको पहुँचमा पुर्‍याउने । | • तथ्याङ्क सङ्कलन गरी विद्यालय नआएका बालबालिकालाई विद्यालय भर्ना गराइनेछ ।<br>• उमेर समूहका सबै बालबालिका भर्ना गराउन वडा तथा गाउँपालिका स्तरीय भर्ना अभियान समितिबाट निर्धारित संयन्त्र प्रयोग गरी अभियान सञ्चालन र सुनिश्चितता गरिनेछ ।<br>• नियमित विद्यालय पठाउने | १) उमेरगत बालबालिकाको तथ्याङ्क सङ्कलनका लाीग घरधुरी सर्वेक्षण गर्ने ।<br>२) अभिभावक, गैरसरकारी संस्था र स्थानीय तहसँगको समन्वयमा भर्ना अभियान चलाउने ।<br>३) विद्यालयमा नियमित नभएका विद्यार्थीहरूको अभिभावहरूसँग |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | |
|---|---|---|
| | अभिभावकहरूलाई सम्मान गरी नियमितता बढाउने रणनीति अपनाइनेछ<br>● कक्षा छाड्ने बालबालिकाको कारण पहिचान गरी विद्यालय ल्याइनेछ ।<br>● अति विपन्नबाल बालिकालाई अभिभावकत्व ग्रहण गराइने छ ।<br>● बालबालिका माथि हुनसक्ने शारीरिक तथा मानसिक हिंसालाई पूर्णरूपमा अन्त्य गरी सुरक्षित सिकाइ वातावरण निर्माण गरिनेछ । | छलफल तथा अन्तरकिया गरी सोको कारण पहिल्याई नियमित गर्ने ।<br>४) आर्थिक रूपले अति विपन्न बालबालिकाको पहिचान गरी अभिभावकत्व ग्रहण गर्ने नागरिकलाई सम्मान गरी कार्यक्रमलाई निरन्तरता दिने<br>५) अन्तरकिया, ईमिस इन्ट्रि र मदरसा शिक्षा योजना निर्माण<br>६) सामुदायिक तथा मदरसा शिक्षकहरू बीच अन्तरकिया ।<br>७) बालमैत्री शिक्षण कियाकलामा जोड दिने ।<br>८) सुझाव पेटिको स्थापना तथा प्रभावकारी कार्यान्वयन गर्ने । |
| विद्यार्थीलाई प्रोत्साहनका लागि छात्रवृत्तिको व्यवस्था गर्ने । | ● छात्रवृत्तिका लागि विद्यार्थीको तथ्याङ्क पहिचान गरिनेछ । | ९) राज्यद्वारा तोकिएको छात्रवृत्तिको दायराभन्दा बाहिर रहेका अति गरिव तथा अतिविपन्न बालबालिकालाई छात्रवृत्ति प्रदान गर्ने । |
| बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी गुणस्तरीय सिकाइ मैत्री वातावरण सृजनागर्ने । | ● सिकाइ उपलब्धि र विद्यालयको अवस्थाको आधारमा विद्यालयहरूको वर्गीकरण गरिनेछ ।<br>▪ आधारभूत शिक्षाको गुणस्तरमा वृद्धि गरिनेछ ।<br>● बालमैत्री स्थानीय शासनको आवश्यक पूर्वाधार तथा बालअधिकार सूचकहरू पूरा गर्न आवश्यक स्रोत साधनको व्यवस्थापन गरिनेछ ।<br>● १ देखी ५ कक्षाका बालबालिकाका लागि दिवा खाजा तथा सबै बालबालिकाका लागि पुरस्कार, अतिरिक्त कियाकलाप, बालमैत्री बसाई, बालमैत्री भौतिक पूर्वाधार विपद् जोखिम न्यूनीकरण सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>▪ समावेशीता, समता, सबैको अपनत्व हुने गरी सहभागितामूलक, शैक्षिक वातावरण | १०) सिकाइ उपलब्धि बढी र कम भएका विद्यालयहरूबिच सिकाइ अन्तरसम्बन्धको विकास गर्ने ।<br>११) कक्षा १ देखि ३ पढ्नका लागि सिक्ने चरण प्रारम्भिक पठन सिप विकास कार्यक्रम अनिवार्य कार्यान्वयन गर्ने ।<br>१२) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गरी सबै बालबालिकाको कार्य सञ्चयिका कायम गर्ने ।<br>१३) न्यून शैक्षिक उपलब्धि भएका विद्यालयका समुदायमा पढाइ शिविर कक्षा सञ्चालन गर्ने र सोको दायित्व विद्यालयले लिने ।<br>१४) स्थानीय पाठ्यकम बनाउने ।<br>१५) शिक्षक तालिम, बैठक, समीक्षा, सामग्री सहयोग गर्ने ।<br>१६) नियमित रूपमा अतिरिक्त |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | |
|---|---|---|
| | बनाइनेछ ।<br>■ विद्यार्थीहरूको नियमितताको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ । | क्रियाकलापहरू सञ्चालन गरी विद्यार्थीहरूको नियमिताको लागि उचित वातावरण सृजना गर्ने । |
| अभिभावकलाई अपनत्व ग्रहण गर्ने परिपाटीको विकास गर्ने । | ● विद्यालय र समुदायबिचको सुमधुर सम्बन्ध कायम गरिनेछ ।<br>● अभिभावक सचेतनाका लागि एक टोल एक शिक्षकलाई फोकल शिक्षकको जिम्मेवारी तोकिनेछ ।<br>● समुदायिक कार्य, सचेतना वृद्धि , बाह्य वातावरण सुधार जस्ता कार्यमा विद्यालयलाई समाजसुधार अभियन्ताको रूपमा लिईने छ । | १७) एक टोल एक शिक्षक तोकी अभिभावक विद्यालय सम्बन्ध विस्तार गर्ने ।<br>१८) विद्यालयको क्रियाकलापमा अभिभावकको सहभागिता गर्ने ।<br>१९) विद्यालय श्वेत पत्र जारी गर्ने<br>२०) सरसफाइ, चेतनामूलक कार्यक्रम, बालविवाह रोकथाम, संस्कृति प्रर्वधन, प्रकोप न्यूनीकरण, बाल संरक्षण, वृक्षारोपण जस्ता सामुदायिक कार्यमा बालसमूहको माध्यमबाट विद्यालयले कार्यक्रम सञ्चालन गर्ने छ । |
| सिकाइलाई व्यवहारिक तथा प्रविधियुक्त बनाई गुणस्तरीय शिक्षा प्रदान गर्ने । | ■ शिक्षण क्रियाकलाप प्रविधियुक्त गरी सुखी र समृद्धि उन्मुख शिक्षा दिइने छ ।<br>■ सिकाइ समस्या भएका बालबालिकालाई विशेष प्राथमिकता दिई शिक्षण गरिनेछ ।<br>■ पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षक डायरीलाई कार्यान्वयनमा ल्याइनेछ । | २१) एक शिक्षक एक ल्याप्टप व्यवस्था गर्ने ।<br>२२) विद्यालयमा इन्टरनेटको व्यवस्था<br>२३) कम्तीमा वडाको एक विद्यालयमा शैक्षिक ल्याब स्थापना गर्ने ।<br>२४) दरबन्दी मिलान गर्ने ।<br>२५) शिक्षक व्यवस्थापन गर्ने । |
| विद्यालयको भौतिक पूर्वाधार सुधार गरी सिकाइ वातावरण निर्माण गर्ने । | ● विद्यालयको भौतिक पूर्वाधारको विकास गरी बालमैत्री विद्यालयहरू बनाइनेछ ।<br>● सिकाइ उपलब्धि वृद्धि गर्नका लागि निर्देशयुक्त शैक्षिक क्यालेन्डर र शिक्षक डायरी प्रकाशन, वितरण तथा कार्यान्वयनमा ल्याइनेछ ।<br>● विद्यालयको स्वमूल्याङ्कन एवं अन्य माध्यमबाट वर्गीकरण गरी शैक्षिक लगानी गरिने छ ।<br>● सिकाइ मूल्याङ्कन, मौजुदा शिक्षक विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान गरिनेछ । | २६) भौतिक पूर्वाधार आवश्यकता पहिचान गरी बालमैत्री भवन, खानेपानी, शौचालय, बालउद्यान निर्माण गर्ने ।<br>२७) शिक्षक डायरी र क्यालेन्डर तयारी, प्रकाशन, वितवरण तथा कार्यान्वयन ।<br>२८) वर्गीकरण मानक तयार गरी विद्यालय वर्गीकरण गर्ने । |
| | ● नवीनतम् सीप र ज्ञान एवं अनुभवलाई आदान प्रदान गरी आधुनिक प्रविधिसँग जोडिनेछ । | २९) अवलोकन भ्रमण, अन्तरक्रिया, कार्यशाला गोष्ठी तथा शिक्षकको रोस्टर तयार गर्ने । |
| | ● शैक्षिक सामग्री निर्माण तथा प्रयोगलाई | ३०) शैक्षिक सामग्री प्रदर्शनी तथा |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | |
|---|---|---|
| | प्रोत्साहन गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ।<br>● शिक्षकहरूको पेसागत मूल्यमान्यतालाई प्राथमिकता दिई नगरबाट सञ्चालन गर्ने शैक्षिक मुद्दाहरूमा सहभागी गराई विद्यालय सुशासनमा जोड दिइनेछ ।<br>● शिक्षक नियमितताको लागि शिक्षक आचारसंहिता निर्माण, कक्षाकोठामा बिताउने समयको व्यवस्थापन गरी शिक्षण क्रियाकलापलाई प्रभावकारी बनाइनेछ ।<br>● विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक विद्यार्थीबिच अन्तरक्रिया गरी शैक्षिक सुशासन कायम गरिने छ ।<br>● शिक्षकको अभाव तथा गुणस्तरीयतालाई सम्बोधन गर्नुपर्ने अवस्थामा स्वयम्सेवक तथा घुम्ती शिक्षकको अवधारणा ल्याइने छ । | विद्यालयमा प्रयोग भएको आधारमा पुरस्कृत गर्ने ।<br>३१) शैक्षिक सामग्री निर्माण कार्यशाला गोष्ठी आयोजना गर्ने ।<br>३२) शैक्षिक सुशासनका पेशागत संघ सङ्गठनसँग छलफल तथा अन्तरक्रिया । |
| पेसागत क्षमता अभिवृद्धि | ● विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षकहरूको क्षमता अभिवृद्धि गरिने छ । | ३३) बि.व्य.स., शि.अ.सं र शिक्षकबिच अन्तरक्रिया आयोजना गर्ने ।<br>३४) विषयगत तथा व्यवस्थापन तालिमहरू आयोजना गर्ने ।<br>३५) अवलोकन भ्रमणको आयोजना गर्ने ।<br>३६) शैक्षिक सामग्री निर्माण कार्याशाला सञ्चालन गर्ने । |

## ८.४ कार्यान्वयन तालिका:

| क्र. सं | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत (हजारमा) | समय अवधि |
|---|---|---|---|---|---|
| १ | उमेरगत बालबालिकाको तथ्याङ्क सङ्कलनका लागि घरधुरी सर्वेक्षण गरी भर्ना अभियान सञ्चालन गर्ने । | वडा तथा विद्यालय र गाउँपालिका | फारम बनाई तथ्याङ्क सङ्कलन तथा टेबुलेसन् बैठक, अन्तरक्रिया छलफल, प्रचारप्रसार | ५०० | शैक्षिक सत्रको सुरुमा |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| २ | भर्ना अभियान सञ्चालन गर्ने । | गाउँपालिका, वडा कार्यालय, विद्यालय, संघ संस्था | गाउँपालिकाको नेतृत्वमा भर्ना अभियान समिति गठन गरी विभिन्न संघ संस्थाहरूको सहयोग लिई भर्ना अभियान सञ्चालन गरी शतप्रतिशत् भर्ना कार्यक्रमलाई निरन्तरता दिने । | ३००० | शैक्षिक सत्रको सुरुमा |
| ३ | विद्यार्थी नियमितका अभिभावहरूसँग छलफल तथा अन्तरक्रिया | वडा तथा विद्यालय | बैठक, छलफल, अन्तरक्रिया भेटघाट | - | नियमित |
| ४ | अभिभावकत्व ग्रहण गर्ने नागरिकलाई सम्मान तथा कार्यक्रमलाई निरन्तरता दिने । | वडा, विद्यालय, गाउँपालिका र संघसंस्था | बैठक, छलफल, अन्तरक्रिया भेटघाट | २५० | नियमित |
| ५ | बालमैत्री शिक्षण कियाकलाप | विद्यालय तथा शिक्षक | शिक्षण कियाकलाप गर्दा कुनै किसिमको सजाय बिना गर्न गराउन विद्यालय प्रशानबाट सजग गराउने । | - | नियमित |
| ८ | सुझाव पेटिकाको स्थापना तथा प्रभावकारी कार्यान्वयन | विद्यालय तथा गाउँपालिका | विद्यालयले सबैको पहुँचमा पुग्ने गरी सुझाव पेटिका राख्ने र सबै विद्यार्थीहरूलाई जानकारी गरी निर्देशिका अनुसार १५/१५ दिनमा सुझाव हेर्ने र सोको कारवाही गर्ने । | - | नियमित |
| ९ | गरिब तथा अति विपन्न बालबालिकाका लागि प्रोत्साहन कार्यक्रम । | विद्यालय,वडा गाउँपालिका, संघसंस्था | बालबालिकाको पहिचान, तथ्याङ्क सङ्कलन एवं पेसागत तथा शैक्षिक सामग्री वितरण | ३००० | शैक्षिक सत्रको सुरु र बिचमा |
| १० | सिकाइ उपलब्धि बढी र कम भएका विद्यालयहरू बिच सिकाइ अन्तरसम्बन्धको विकास गर्ने । | विद्यालय,वडा र गाउँपालिका | समन्वय र सम्पर्क गरी, छलफल अन्तरकियाको माध्यमबाट एक आपसमा सिकाइ आदान प्रदान गर्ने | ५०० | निरन्तर |
| ११ | कक्षा १–३ मा प्रारम्भिक पठन सीप विकास | विद्यालय, वडा र गाउँपालिका | शिक्षक तालिम, सामग्री निर्माण तथा वितरण, सन्दर्भ समग्री निर्माण तथा उपलब्ध र कार्यान्वयन | १००० | निरन्तर |
| १२ | निरन्तर विद्यार्थी मूल्याङ्कन । | विद्यालय, वडा र गाउँपालिका | शिक्षक तालिम सञ्चालन, बैठक, छलफल अन्तरक्रिया | १००० | निरन्तर |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | न्यून शैक्षिक उपलब्धि भएका विद्यालयका समुदायमा पढाइ शिविर । | वडा, विद्यालय, बालसमूह, गाउँपालिका एवं अन्य संघ संस्थाहरू | आवश्यकता पहिचान, सहजकर्ता छनौट, व्यवस्थापन तथा कक्षा सञ्चालन | २०० | निररन्तर |
| १४ | स्थानीय पाठ्यक्रम निर्माण । | विद्यालय, वडा, गाउँपालिका, सरोकारवाला हरू | आवश्यकता पहिचान, विषयवस्तु छनौट, छलफल अन्तरक्रिया, बैठक | ५०० | निरन्तर |
| १५ | शिक्षक तालिम, बैठक, समीक्षा, सामग्री सहयोग | विद्यालय, वडा, गाउँपालिका, सरोकारवाला हरू | तालिमको आवश्यकता पहिचान, विषयवस्तु तयारी, सहभागी चयन, | २५०० | निरन्तर |
| १६ | शिक्षक तालिम बैठक, | विद्यालय, वडा | बैठक अन्तरक्रिया छलफल | | निरन्तर |
| १७ | नियमित तथा त्रैमासिक रूपमा अतिरिक्त क्रियाकलापहरू सञ्चालन । | विद्यालय, वडा र गाउँपालिका, संघसंस्थाहरू | अतिरिक्त क्रियाकलापको विषयबस्तु छनौट, सहभागिता, कार्यक्रम सञ्चालन | १५०० | निरन्तर |
| १८ | एक टोल एक शिक्षक तोकी शिक्षक अभिभावक सम्बन्ध विस्तार । | विद्यालय | शिक्षकहरूलाई जिम्मेवारी दिई विद्यालय र समुदायको सम्बन्ध सुधार गर्ने | - | निरन्तर |
| १९ | विद्यालयको क्रियाकलापमा अभिभावकको सहभागिता । | विद्यालय, वडा | समन्वय, सहकार्य, सम्बन्ध विस्तार, छलफल, अन्तरक्रिया र अन्य सहयोग | - | निरन्तर |
| २० | विद्यालय श्वेतपत्र जारी । | विद्यालय | अभिभावकहरूको सहभागितामा फेहरिस्त सहितको स्वेत पत्र जारी | - | वैशाखको पहिलो हप्ता |
| २१ | सरसफाई, चेतनामूलक कार्यक्रम, (बाल विवाह रोकथाम, संस्कृति प्रबर्धन, प्रकोप न्यूनीकरण, बाल संरक्षण, वृक्षारोपण) | विद्यालय, बाल समूह, वडा | भेला, बैठक, ऱ्याली, प्रचार प्रसार, नाटक, गीत, | १००० | निरन्तर |
| २२ | एक शिक्षक एक ल्याप्टप/प्याड कार्यक्रम । | शिक्षक, विद्यालय, वडा, गाउँपालिका, | एकल तथा साझेदारी रूपमा खरिद एवं प्रयोग | ५००० | दोस्रो चौमासिक |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | | सहकारी, बैंक । | | | |
| २३ | विद्यालयमा इन्टरनेट | गाउँपालिका तथा विद्यालय | गाउँपालिकाले सहयोगमा इन्टरनेट जोड्ने र शैक्षिक प्रयोजनको लागि प्रयोग गर्ने । | १५०० | दोस्रो चौमासिक |
| २४ | भौतिक पूर्वाधार आवश्यकता पहिचान गरी बालमैत्री भवन, खानेपानी, शौचालय, वाल उद्यान निर्माण गर्ने । | गाउँपालिका, वडा कार्यालय, संघसंस्था | आवश्यकताको पहिचान गरी स्रोतको यकिनका साथ विद्यालय छनौट गरी कार्यक्रम वितवरण र सञ्चालन । | २०००० | प्रथम र दोस्रो चौमासिक |
| २५ | शिक्षक डायरी व्यवस्थापन तथा वितरण । | विद्यालय र गाउँपालिका | प्रअहरूसँग बैठक बसी वार्षिक शैक्षिक कार्ययोजना तयार गर्ने र दैनिक पाठयोजनाको खाका सहितको शिक्षक डायरी छापी शिक्षकहरूलाई वितरण गरी कार्यन्वयनमा ल्याउने । | ६०० | प्रथम चौमासिक |
| २६ | सबै आधारभूत विद्यालयहरूमा मल्टिमिडियासहितको शिक्षण सिकाइ ल्याब स्थापना । | विद्यालय, वडा, गाउँपालिका, संघसंस्था | अभिमुखीकरण, छलफल, अन्तरकिया तथा ल्याप स्थापना । | ३००० | तेस्रो चौमासिक |
| २७ | वर्गीकरण मानक तयार गरी विद्यालय वर्गीकरण । | गाउँपालिका | विद्यालयको अवस्था विश्लेषण, मानक तयार गरी कार्यान्वयन | २५०० | शैक्षिक वर्षको सुरुमा |
| २८ | दरबन्दी मिलान कार्यक्रम । | गाउँपालिका | सिकाइ मूल्याङ्कन, मौजुदा शिक्षक विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान गर्ने | २५० | दोस्रो चौमासिक |
| २९ | शिक्षक व्यवस्थापन । | गाउँपालिका | दरबन्दी नभएक विद्यालयहरूमा विद्यार्थी संख्याको आधारमा शिक्षक व्यवस्थापन गर्ने । | ४०००० | शैक्षिक सत्रको सुरुमा |
| ३० | कम्तिमा वडाको एक विद्यालयमा शैक्षिक ल्यावको व्यवस्था । | गाउँपालिका, वडा कार्यालय र संघसंस्था | सबैलाई पायक पर्ने स्थान छनौट गरी स्रोतको यकिनका साथ कार्यक्रम सञ्चालन गर्ने । | २००० | दोस्रो चौमासिक |
| ३१ | अवलोकन भ्रमण, अन्तरक्रिया, कार्यशाला गोष्ठी तथा शिक्षकको रोस्टर तयार गर्ने । | गाउँपालिका | सहभागीहरूसँगको समन्वयमा स्थान निर्धारण गरी कार्यक्रम कार्यान्वयन | २००० | दोस्रो चौमासिक |
| ३२ | शैक्षिक सामग्री प्रदर्शनी। | गाउँपालिका, संघसंस्था | प्रअहरूको बैठकमा समय, प्रकिया, मिति र स्थान निर्धारण गरी कार्यक्रम | १००० | अर्धवार्षिक परीक्षा पछि हरेक वर्ष |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सञ्चालन गरी प्रयोगलाई प्रोत्साहन दिने । | | |
| ३३ | शैक्षिक सामग्री निर्माण कार्यशाला | गाउँपालिका तथा संघसंस्था | सहजकर्ता व्यवस्था गरी सहभागी छनौट गरी कार्यशाला गर्ने । | १००० | शैक्षिक सत्रको सुरुमा |
| ३४ | शैक्षिक सुशासनका लागि छलफल तथा अन्तरक्रिया । | वडा, गाउँपालिका र विद्यालय | गाउँपालिकाले प्रअहरूसँगका समन्वय र सम्पर्कमा कार्यक्रमको विषयवस्तुको तयार गरी कार्यक्रम गर्ने । | १५०० | वार्षिक |
| ३५ | शिक्षकलाई अभिमुखीकरण, आचारसंहिता निर्माण तथा कार्यान्वयन । | विद्यालय, वडा | सम्बन्धीत समूहको सहभागितामा आचारसंहिता निर्माण, कार्यन्वयन तथा समीक्षा | ३००० | वार्षिक |
| ३६ | शैक्षिक सामग्री निर्माण कार्याशाला | गाउँपालिका | सहजकर्ता व्यवस्थापन, कक्षागत शिक्षकहरू सम्पर्क समन्वय र कार्यान्वयन | ५००० | शैक्षिक सत्रको सुरुमा |
| ३७ | विव्यसका पदाधिकारीहरूको क्षमता अभिवृद्धि | वडा, गाउँपालिका र संघसंस्था | शैक्षिक सत्र सुरु हुनु अघि आगामी शैक्षिक सत्रका लागि शैक्षिक विकासका कार्यक्रम, योजना निर्माण, सुशासन एवं व्यवस्थापन सम्बन्धि तालिम । | १००० | दोस्रो चौमासिक |
| ३८ | विषयगत शिक्षक तालिम | गाउँपालिका | पाठ्यक्रम कार्यान्वयनका लागि मागमा आधारित विषयवस्तुमा रही पुनर्ताजगी तालिम । | १५००० | तेस्रो चौमासिक |

# ९:माध्यमिक शिक्षा .

## ९ १. परिचय:

अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुची र क्षमता अनुसार माध्यमिक तहमा प्राविधिक वा साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ । यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनु पर्दछ । आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमताअनुसार विद्यार्थीले साधारण शिक्षाको लाइन लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सिप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ । प्राविधिक र व्यावसायिक शिक्षाको धारमा जानका लागि विद्यार्थीहरूलाई कक्षा ६ देखि ८ सम्म पढाइ हुने पेसा, व्यवसाय र प्रविधि शिक्षाले प्रदान गरेको ज्ञान सीपले पनि सजिलो बनाउन सक्दछ । यसरी विद्यार्थीहरूलाई प्राविधिक वा साधारण धार छनोट गर्न र भावी जीवनका थुप्रै विषयमा निर्णय लिन उपयुक्त परामर्श पनि विद्यालयले प्रदान गर्नुपर्दछ । यिनै

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

कुराहरूलाई ध्यानमा राखेर खार्पूनाथ गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, नि:शुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ ।

खार्पूनाथ गाउँपालिकाभित्र हाल कक्षा १–१० सञ्चालित २र कक्षा १–१२ सञ्चालित १ गरी माध्यमिक तहको विद्यालयहरूको संख्या ५ वटा रहेको छ । यस तहमा जम्मा ३३० जना विद्यार्थीहरू अध्ययनरत छन् । जम्मा दरबन्दी ७ राहत २ माध्यमिक कक्षा ११–१२ अनुदान ३ गाउँपालकिा अनुदान ३ गरी १५ जना शिक्षकहरू माध्यमिक तह तर्फ कार्यरत छन् । विद्यालय अनुसूची ४ मा उल्लेख गरिएको छ ।

## ९ २. उद्देश्य:

- आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरूलाई सीपमूलक, प्रविधियुक्त र गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्ने ।
- माध्यमिक शिक्षालाई समावेशी, बालमैत्री र नि:शुल्क बनाउने ।
- माध्यामिक शिक्षाको शिक्षणविधिलाई व्यावहारीक, अनुसन्धानात्मक, सिकाइमैत्री तथा दण्ड र भयरहित वातावरणद्वारा गुणस्तरीय शिक्षा प्रदान गर्दै प्रतिस्पर्धी तथा उच्चशिक्षा हासिल गर्न योग्य बनाउने ।

## ९.३ रणनीति र कार्यक्रमहरु:

| रणनीति | कार्यनीति | कार्यक्रम |
|---|---|---|
| आधारभूत तह पूरा गरेका बालबालिकालाई नि:शुल्क माध्यमिक शिक्षाको व्यवस्था गर्ने । | • विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयभित्र ल्याउन एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• विद्यालयको भौतिक पूर्वाधार सबल, दक्ष विषयगत शिक्षक, पर्याप्त शैक्षिक सामग्री सहितका विद्यालयहरू बनाइनेछ ।<br>• अपाङ्गता र समावेशी शिक्षा दिने विद्यालयहरूको संख्यमा वृद्धि गरिनेछ ।<br>• विद्यालयको गुणस्तरीय शैक्षिक विकास तथा व्यवस्थापनका लागि सम्पूर्ण सरोकारवालाहरूको अपनत्व वृद्धि गराई सहयोग लिन सकिनेछ ।<br>• शिक्षण प्रणलीलाई व्यावहारिक तथा सृजनात्मक एवं अनुसन्धानात्मक विधिको विकास गरिने छ । | १) भर्ना अभियान कार्यक्रम सञ्चालन ।<br>२) आवश्यकता र माग बमोजिम भौतिक पूर्वाधार व्यवस्थापन ।<br>३) विषयगत शिक्षक व्यवस्थापन ।<br>४) विशेष कक्षा सञ्चालनको लागि समन्वय, सम्पर्क गरी स्थापना ।<br>५) सरोकारवालहरूसँग समन्वय, सहकार्य तथा अन्तरक्रिया छलफल गर्ने । |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | |
|---|---|---|
| माध्यमिक शिक्षालाई सिकाइ वातावरण निर्माण गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने । | • कक्षाकोठाको सिकाइलाई बालमैत्री, अपाङ्गमैत्री र छात्रामैत्री बनाइनेछ ।<br>• सिकाइ उपलब्धि वृद्धि गर्नका लागि निर्देशनयुक्त शिक्षक डायरी प्रकाशन, वितरण तथा कार्यान्वयनमा ल्याइनेछ ।<br>• विद्यालयको स्वमूल्याङ्कन एवं अन्य माध्यमबाट वर्गीकरण गरी शैक्षिक लगानी गरिने छ ।<br>• सिकाइ मूल्याङ्कन, मौजुदा शिक्षक विद्यार्थी संख्याको आधारमा विषयगत दरबन्दी मिलान गरिनेछ ।<br>• बालबालिकामाथि हुन सक्ने शारीरिक तथा मानसिक हिंसालाई पूर्णरूपमा अन्त्य गरी सुरक्षित सिकाइ वातावरण निर्माण गरिनेछ । | ६) अनुकूल सिकाइका लागि लक्षित समूहलाई शैक्षिक सामग्री वितरण ।<br>७) सूचना सङ्कलन, शिक्षक डायरी छपाइ तथा वितरण ।<br>८) विद्यालयको भौतिक, शैक्षिक अवस्थाको आधारमा वर्गीकरण तथा लगानी गर्ने ।<br>९) दरबन्दी मिलान गर्ने ।<br>१०) सुझावपेटिका स्थापना तथा प्रभावकारी कार्यान्वयन |
| विद्यालयमा सुशासन कायम गरी अभिभावकहरूको सहभागिता बढाउने । | • छात्रा मैत्री, बालमैत्री, अभिभावक मैत्री सुशासन कायम भएको विद्यालयहरूलाई नमूना घोषणा गरिनेछ ।<br>• विद्यालय श्वेतपत्रको माध्यमबाट विद्यालयको यथार्थ चित्रण गरिनेछ ।<br>• अनुगमन, सुपरीवेक्षण, शिक्षक सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याई गुणस्तरीय अभिवृद्धि गरिनेछ ।<br>• बालमैत्री विद्यालयका लागि बालसमूह गठन, क्षमता अभिवृद्धि र जिम्मेवारी सहित परिचालन गरी बालसुशासन कायम गरिनेछ ।<br>• विद्यालयमा ई-हाजिरीको व्यवस्थापन गरी समयलाई चुस्तदुरुस्त बनाइनेछ ।<br>• सामाजिक परीक्षणलाई व्यापक बनाई विद्यालयलाई चुस्त तथा पारदर्शि बनाइनेछ । | १२) विद्यालयको मानक बनाई नमूना विद्यालय घोषणा ।<br>१३) विद्यालयले श्वेतपत्र तयार गरी जारी गर्ने ।<br>१४) गुणस्तर अभिवृद्धिका लागि अनुगमन, सुपरीवेक्षण तथा शिक्षकलाई सहयोग ।<br>१५) बालसमूह गठन, क्षमता विकास र परिचालन ।<br>१६) ई-हाजिरीको व्यवस्थापन<br>१७) सामाजिक परीक्षण ।<br>१८) अवलोकन भ्रमण । |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

## ९ ४. कार्यान्वयन तालिका:

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत रु हजारमा | समय अवधि |
|---|---|---|---|---|---|
| १ | भर्ना अभियान कार्यक्रम सञ्चालन । | वडा कार्यालय तथा गाउँपालिका | सर्वे तथा फिल्ड भ्रमण, आवयश्यकता पहिचान, कार्यक्रम प्याकेज निर्माण, लक्षित वर्गलाई शैक्षिक सामग्रीको व्यवस्था एवं कार्यान्वयन | १५०० | आर्थिक वर्षको सुरुआतमा |
| २ | भौतिक पूर्वाधार, व्यवस्थापन । | वडा कार्यालय गाउँपालिका | आवश्यकता पहिचान, माग सङ्कलन, नक्साङ्कन तथा वितरण | १०००० | शैक्षिक सत्रको सुरुआतमा |
| ३ | विषयगत शिक्षक र सामग्रीहरूको व्यवस्थापन । | गाउँपालिका | विद्यार्थी संख्याको आधारमा विषयगत शिक्षकको व्यवस्थापन गर्ने । | ६००० | नियमित |
| ४ | विशेष कक्षा सञ्चालन | वडा तथा गाउँपालिका | सर्वे, स्थान पहिचान, सहजकर्ता तालिम तथा सञ्चालन | १५०० | माघको सुरुआतमा |
| ५ | सरोकारवालाहरूसँग समन्वय सहकार्य तथा अन्तरकिया | गाउँपालिका | सरोकारवालाहरूलाई समन्वय तथा सम्पर्क गरी शिक्षाको विषयमा छलफल गर्ने | - | वर्षमा ३ पटक |
| ६ | शिक्षक डायरी छपाइ तथा वितरण । | गाउँपालिका, विद्यालय | सूचना सङ्कलन, डायरी छपाइ तथा वितरण | ५०० | शैक्षिक वर्षको शूरुमा |
| ७ | विद्यालयको भौतिक, शैक्षिक अवस्थाको आधारमा वर्गीकरण तथा लगानी । | गाउँपालिका | मानक निर्माण सर्वे, अवस्था विश्लेषण तथा वर्गीकरण | १५०० | शैक्षिक वर्ष सुरुहुनु अघि |
| ८ | दरबन्दी मिलान | गाउँपालिका | विद्यालयको दरबन्दी संख्या र विद्यार्थी संख्याको आधारमा मिलान गर्ने । | १०० | शैक्षिक सत्र सुरुहुनु भन्दा एक महिना अगाडि |
| ९ | सुझाव पेटिका स्थापना तथा प्रभावकारी कार्यान्वयन | विद्यालय तथा गाउँपालिका | विद्यालयमा सबै विद्यार्थीहरूको पहुँमा सुझाव पेटिका राख्ने र १५/१५ दिमा सुझाव पेटिका हेर्ने र | | नियमित |



विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सो अनुसार आवश्यक कारवाही गर्ने । | | |
| १० | अवलोकन भ्रमण । | विद्यालय, शिक्षक, वडा र गाउँपालिका | उद्देश्य निर्धारण, स्थान पहिचान, सहभागी छनौट तथा भ्रमण | १००० | असोज कार्तिक |
| ११ | विद्यालयको मानक बनाई नमूना विद्यालय घोषणा । | गाउँपालिका | मानक निर्धारण, विश्लेषण | १००० | पहिलो चौमासिक |
| १२ | विद्यालयले श्वेतपत्र तयार गरी जारी गर्ने । | विद्यालय र गाउँपालिका | विद्यालयमा छलफल श्वेतपत्र तयारी तथा जारी | | शैक्षिक सत्रको सुरुमै |
| १३ | गुणस्तर अभिवृद्धिका लागि अनुगमन, सुपरिवेक्षण तथा शिक्षकलाई सहयोग । | गाउँपालिका र वडा | चेक चिल्ट तयारी, सम्पर्क तथा समन्वय गरी अनुगमन भ्रमण । | १५० | निरन्तर |
| १४ | बालसमूह गठन, क्षमता विकास र परिचालन । | विद्यालय, वडा, गाउँपालिका र संघसंस्था | अभिमुखीकरण, बालसमूह गठन तथा क्षमता विकास | १५० | निरन्तरता |
| १५ | शैक्षिक सुशासनका लागि छलफल तथा अन्तरक्रिया | वडा, गाउँपालिका | समन्वय, सम्पर्क तथा अन्तरक्रिया | ३०० | निरन्तर |
| १६ | शिक्षकलाई अभिमुखीकरण, आचारसंहिता निर्माण तथा कार्यान्वयन । | विद्यालय र वडा कार्यालय | शिक्षक, विद्यार्थी र बालबालिका बीच समूहमा छलफल तथा निर्माण | २५० | नयाँ शैक्षिक वर्ष सुरु हुनु अघि |
| १७ | ई-हाजिरीको व्यवस्थापन | वडा, गाउँपालिका र विद्यालय | खरिद तथा अभिमुखीकरण र कार्यान्वयन | ३०० | नयाँ शैक्षिक वर्ष सुरु हुनु अघि |
| १८ | सामाजिक परीक्षण | विद्यालय, वडा कार्यालय | सूचकाङ्क तयार, समन्वय तथा सूचना प्रचार, कार्यान्वयन | ५०० | भदौ मसान्त भित्र |

## १०:परीक्षा तथा प्रमाणीकरण .

### १०.१ परिचय:

विद्यार्थीहरूले के कति सिके भन्ने कुराको मूल्याङ्कन गर्नु जरुरी छ भने पाठ्यक्रमले अपेक्षा गरेको सिकाइ सक्षमताहरू हासिल हुन सके वा सकेनन् भन्ने यकिन हुन आवश्यक छ । मूल्याङ्कनको माध्यमबाट नै सिकाइमा

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

सुधार गर्न सकिन्छ । जसका लागि मूल्याङ्कन प्रणाली व्यवाहरिक र वैज्ञानिक हुनु जरुरी पर्दछ । विद्यार्थीहरूको शैक्षिक स्तर र उपलब्धिको परीक्षण गरी प्रमाणीकरण गर्नुपर्दछ ।

आधारभूत तहको अन्त्यमा लिइने कक्षा ८ को परीक्षा सञ्चालन व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको रहेको छ । जसका लागि स्थानीय स्तरको परीक्षा बोर्डको व्यवस्था गरिएको छ । माध्यमिक तह कक्षा १० र १२ को परीक्षा राष्ट्रिय परीक्षा बोर्डले लिने व्यवस्था रहेको छ भने कक्षा ३, ५ र ८ को परीक्षाको स्तरीकरण गर्ने र कक्षा ८ को परीक्षाको प्रमाणीकरण गर्ने प्रमुख दायित्व गाउँपालिकाको रहेको छ । आधारभूत तहको विद्यार्थी मूल्याङ्कनका लागि साधनहरूको निर्माण, प्रयोग र विश्लेषण गर्ने र सोको आधारमा लक्ष्य निर्धारण गर्न जरुरी हुन आउँछ । अन्य कक्षाका परीक्षालाई व्यवस्थित गरी विद्यार्थीहरूको सिकाइ उपलब्धि मापन गर्नुपर्नेहुन्छ । विद्यार्थी मूल्याङ्कन गर्नका लागि खार्पूनाथ गाउँपालिकाले विभिन्न कार्यक्रमहरू मार्फत व्यवाहारिक र वैज्ञानिक बनाउने नीति तय गरेको छ । गाउँपालिकाको सिकाइ उपलब्धि अनुसूची ५ मा उल्लेख गरिएको छ ।

## १०.२ उद्देश्य:

- विद्यार्थीको शैक्षिक स्तर र उपलब्धिको परीक्षण गरी मूल्याङ्कन गर्ने ।
- विश्वसनीय परीक्षा प्रणालीको विकास गर्ने ।

## १० ३. रणनीति तथा कार्यक्रम:

| रणनीति | कार्यनीति | कार्यक्रम |
|---|---|---|
| विद्यार्थीको मूल्याङ्कन एवं उपलब्धि परीक्षण गरी शैक्षिक गुणस्तर कायम गर्ने । | • विद्यालयमा सञ्चालन गरिने सबै मूल्याङ्कन प्रणालीको प्रयोग गरी उपलब्धिको मापन गरिने छ ।<br>• सबै कक्षा र तहका परीक्षाहरूलाई पालिका स्तरबाट सञ्चालन गरी मूल्याङ्कनको व्यवस्था गरिने छ ।<br>• मुल्याङ्कन प्रणालीलाई सहजता, सरलता तथा बालसहभागितामूलक बनाउँदै कमशः मूल्याङ्कनलाई निर्माणात्मक प्रणलीमा विकसित गर्दै लगिने छ ।<br>• आधारभूत तहको अन्त्यमा लिइने परीक्षालाई व्यवस्थित र मार्यादित बनाइनेछ । | 1. कार्यशाला सञ्चालन ।<br>2. मूल्याङ्कनका साधनहरूको विकास ।<br>3. नियमित तथा आकस्मिक अनुगमन ।<br>4. परीक्षा सञ्चालन तथा व्यवस्थापन । |



विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | |
|---|---|---|
| शैक्षिक गुणस्तर कायम गर्न मूल्याङ्कन प्रणालीलाई विश्वसिलो र भरपर्दो बनाउने । | • सिकाइ सँगसगै मूल्याङ्कन पद्धतिलाई जोडी गुणस्तर कायम गरिने छ ।<br>• सबै शिक्षकहरूलाई विषयगत रूपमा विशिष्टीकरण तालिका निर्माण एवं मूल्याङ्कनका साधनहरू निर्माण गर्न लगाई मूल्याङ्कन प्रणालीलाई विश्वसिलो भरपर्दो एवं मापनयोग्य बनाइने छ । | ६) विषयगत कार्यशाला सञ्चालन ।<br>७) विद्यार्थी मूल्याङ्कन प्रणाली विषयमा अन्तरक्रिया बैठक छलफल । |

## १० ४. कार्यान्वयन तालिका:

| क.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत र हजारमा | समय अवधि |
|---|---|---|---|---|---|
| १ | कार्यशाला सञ्चालन । | गाउँपालिका | प्रअहरूसँग सम्पर्क, समन्वय गरी कार्यशाला सञ्चालन गर्ने | ५०० | परीक्षा अघि |
| २ | मूल्याङ्कनका साधनहरूको विकास/निर्माण र प्रयोग । | गाउँपालिका | विषयगत शिक्षक र परीक्षा समितिको बैठक बसी मूल्याङ्कनका साधनहरू तयार गर्ने । | २५० | परीक्षा हुनु अघि |
| ३ | नियमित तथा आकस्मिक अनुगमन । | गाउँपालिका विद्यालय | विद्यालय छनौट तथा अनुगमन | | परीक्षा अवधि |
| ४ | परीक्षा सञ्चालन तथा व्यवस्थापन । | गाउँपालिका | प्रश्न पत्र, उत्तर पुस्तिका तयारी, परीक्षा केन्द्र छनौट र व्यवस्थापन, परीक्षण, सम्परीक्षण, नतिजा प्रकाशन । | ५००० | तेस्रो चौमासिक |
| ५ | विषयगत कार्यशाला सञ्चालन । | गाउँपालिका | विषयगत शिक्षकहरूसँग समन्वय, सम्पर्क गरी कार्यक्रम कार्यान्वय | ५०० | निरन्तर |
| ६ | विद्यार्थी मूल्याङ्कन प्रणाली विषयमा अन्तरक्रिया बैठक छलफल । | वडा, विद्यालय, गाउँपालिका | समन्वय, सम्पर्क तथा मूल्याङ्कन प्रणालीको विषयमा छलफल | ५०० | निरन्तर |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

# ११:प्राविधिक र व्यावसायिक शिक्षा .

## ११.१ परिचय:

शिक्षाले गरी खाने सीप सिकाउन सकेन र शिक्षालयहरू बेरोजगार उत्पादन गर्ने थलोमात्र भए भन्ने गुनासो अहिले सर्वत्र सुनिन गरेको छ । यस्ता गुनासोहरूलाई सम्बोधन गर्न माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको व्यवस्था गरिनुका साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले एनेक्स कार्यक्रम मार्फत सामुदायिक विद्यालयहरूमा विभिन्न विषयको प्राविधिक शिक्षा कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । तर प्राविधिक तथा व्यावसायिक शिक्षाका यस्ता अवसरहरू सीमित भएको, उत्पादित जनशक्ति जागिर खोज्ने खालको मात्र भएको, आफैले केही गर्न पुँजी लगायत अन्य अवरोधहरू रहेको, रोजगारदाताको अभाव भएको जस्ता गुनासोहरू पनि सुनिन थालेका छन् । अर्कोतिर कक्षा ६-८ को पाठ्यक्रममा राखिएको पेसा, व्यवसाय र प्रविधि शिक्षाको पढाइलाई व्यवहारिक बनाउने र विद्यार्थीहरूमा पेसा, व्यवसाय र प्रविधिप्रति रुचि जगाएर नरम सिपको विकासमा जोड दिनुपर्ने कुराप्रति भने विद्यालयहरू त्यति सजग भएको देखिदैन । यस्तो अवस्थामा कक्षा ८ देखि १२ सम्म उत्तीर्ण गरेका र माथिल्लो तहको शिक्षामा जान आर्थिक र बौद्धिक क्षमता तथा रुची र चाहनाका कारण असक्षम र अनिच्छुक विद्यार्थीहरू अलमलमा पर्ने गरेको देखिन्छ । त्यस्तैआवश्यकताका आधारमा व्यक्तिहरूका लागि गाउँपालिकाले रोजगारमूलक सिप सिक्ने अवसर प्रदान गर्नुपर्दछ भन्ने मान्यताका साथ यस योजनामा कार्यक्रम राखिएको हो । विद्यमान रूपमा यस गाउँपालिकामा सञ्चालित ३ वटा प्राविधिक धार सञ्चालनमा रहेका विद्यालयहरूबाट स्थानीय आवश्यकतालाई समेटन सकेको छैन । विद्यमान अवस्थामा प्राविधिक धार सञ्चालन गर्ने विद्यालय र विद्यार्थी संख्या अनुसूची ६ मा उललेख गरिएको छ ।

## ११ २. उद्देश्य:

- विद्यालय शिक्षाको माध्यमबाट योग्य मध्यम स्तरका जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षामा जोड दिने ।
- माग र जनसंख्याको आधारमा थप प्राविधिक विद्यालयहरू स्थापना गर्ने ।
- प्राविधिक धार अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूको संस्थागत विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
- माग र आवश्यकताका आधारमा छोटो अवधिका तालिम सञ्चालन गर्ने ।

## ११ ३. रणनीति र कार्यक्रम:

| रणनीति | कार्यनीति | कार्यक्रम |
|---|---|---|
| सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयहरूको थप व्यवस्थापन गरी गुणस्तरीय शिक्षा | • विद्यालयको विद्यमान अवस्थाको मूल्याङ्कन गरी शैक्षिक गुणस्तर वृद्धि गरिनेछ ।<br>• स्थानीय तहबाट बिभिन्न सहयोगको | १) भौतिक पूर्वाधार विकास<br>२) ल्यावको व्यवस्था<br>३) जनशक्ति व्यवस्थापन |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | |
|---|---|---|
| प्रदान गर्ने । | माध्यमबाट विद्यालयको विकासमा सहयोग पुर्‍याइनेछ । | |
| प्रविधिमैत्री जनशक्ति तयार गर्ने । | विद्यालयमा अध्यापनरत जनशक्तिलाई अनिवार्य प्रविधिमैत्री बन्न र बनाउनका लागि कार्ययोजना तयार गरी कार्यन्वयनमा ल्याउनेछ । | ४) तालिम सञ्चालन ।<br>५) प्राविधिक ज्ञानयुक्त शिक्षकलाई प्रोत्साहन कार्यक्रम । |
| थप प्राविधिक विद्यालय स्थापना गर्ने । | • जनसंख्या, माग र आवश्यकताको आधारमा उपयुक्त स्थानको पहिचान गरी (नदोहोरिने गरी) थप प्राविधिक विद्यालय विद्यालयहरूको स्थापना गर्न पहल गरिनेछ । | ६) प्राविधिक विद्यालय स्थापना गर्ने । |
| स्थानीय पाठ्यक्रम निर्माण गर्ने | समय सान्दर्भिकता र व्यावहारिक हुने गरी स्थानीय परिवेशसँग मेलखाने प्राविधिक विषयको पाठ्यक्रम निर्माण गरी स्थानीय कला संस्कृतिको संरक्षण एवं जगेर्ना गरिनेछ । | **७) पुर्व प्राथमिक तहका लागि**<br>क) स्थानीय कृषि औजार र उत्पादन संग सम्बन्धीत चित्रहरू, वनजङ्गल ताल-तलैयाहरूको चित्रात्मक पाठ्य पुस्तक तयार<br>**८) आधारभूत तहका लागि**<br>क) स्थानीय तहमा रहेका धार्मिक, ऐतिहासिक, पुरातात्विक महत्वका संरचना तथा विषय पहिचान<br>ख) स्थानीय कला, संस्कृति तथा ऐतिहासिक महत्व राख्ने विषयहरूमा पठन सामग्री निर्माण तथा प्रवर्द्धन<br>ग) कृषिका लागि आवश्यक पर्ने उपकरण र विधिहरूको विस्तृत जानकारी सहितको व्यावहारिक अभ्यास तथा सैद्धान्तिक पाठ्य पुस्तक तयार गर्ने,<br>**९) माध्यमिक तहका लागि**<br>क) स्थानीय तहमा उपलब्ध उद्यमशीलतासँग जोड्दै पठन सामग्री तयार गर्ने ।<br>ख) वनजन्य उत्पादन शिक्षा दिने ( जडीबुटी, पातबाट दुना टपरी, ढकिया, फलबाट साबुन, बाबियोको डोरी, मह उत्पादन इत्यादि) |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | |
|---|---|---|
| आयुर्वेद औषधोपचार पद्धतिको विकास गर्ने । | योग, ध्यान तथा आयुर्वेदिक शिक्षालयको स्थापना गरी सुखी जीवन जिउने शिक्षामा जोड दिइनेछ । | १०) शिक्षण क्रियाकलापसँग जोड्दै योग र ध्यान गराउने । |
| अभिभावक, शिक्षक विद्यार्थी र विद्यालयलाई प्रविधिमैत्री बनाउने । | ● सूचना प्रविधिको माध्यमबाट व्यावहारिक शिक्षा प्रदान गर्नका लागि सबै सरोकारवालाहरूलाई प्रविधिमैत्री बनाइनेछ । | ११) आधारभूत तह (कक्षा ६,७ र ८) मा कम्प्युटरको व्यवस्था गर्ने ।<br>१२) माध्यमिक विद्यालयहरूमा ई-लाइब्रेरी, भिडियो कन्फेरेन्स हलसहितको व्यवस्था गर्ने ।<br>१३) वेइभ साइट निर्माण तथा प्रयोग । मोवाइल एप्लिकेशन निर्माण तथा प्रयोग । |

## ११ ४. कार्यान्वतन तालिका:

| क.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत | समय अवधि |
|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार विकास | गाउँपालिका | स्रोत व्यवस्थापन, नक्साङ्कन तथा भौतिक निर्माण | | |
| २ | ल्यावको व्यवस्था | गाउँपालिका | आवश्यकता पहिचान तथा स्रोत व्यवस्थापन, | | |
| ३ | जनशक्ति व्यवस्थापन | गाउँपालिका | स्रोत व्यवस्थापन | | |
| ४ | तालिम सञ्चालन | गाउँपालिका | विषयवस्तु पहिचान, सहभागी छनौट, प्रशिक्षक व्यवस्था तथा कार्यान्वयन | १०० | |
| ५ | प्राविधिक ज्ञानयुक्त शिक्षकलाई प्रोत्साहन कार्यक्रम । | गाउँपालिका | शिक्षक तथा विषयवस्तु छनौट, सहजकर्ताको खोजी र कार्यान्वयन | १२५ | निरन्तर |
| ६ | प्राविधिक विद्यालय स्थापना । | विद्यालय, वडा तथा गाउँपालिका, प्रदेश | कक्षा, कम्प्युटर तथा शिक्षक व्यवस्था गरी कक्षा सञ्चालन | २५०० | निरन्तर |
| ७ | पूर्व प्राथमिक तहका लागि पाठ्यकम | वडा, संघसंस्था, विद्यालय गाउँपालिका | स्थानीय तहमा रहेका भौगोलिक ऐतिहासिक, पुरातात्विक, कला सहित्य, स्थानीय उपकरणहरू | ५०० | दोस्रो चौमासिक |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सम्बन्धीत सारोकारवालाहरूसँगको सहभागितामा पाठ्यक्रम निर्माण | | |
| ८ | आधारभूत तहका लागि पाठ्यक्रम | वडा, संघसंस्था, विद्यालय गाउँपालिका | स्थानीय तहमा रहेका भौगोलिक ऐतिहासिक, पुरातात्विक, कला सहित्य, स्थानीय उपकरणहरू सम्बन्धीत सारोकारवालाहरूसँगको सहभागितामा पाठ्यक्रम निर्माण | ५०० | दोस्रो चौमासिक |
| ९ | माध्यमिक तहका लागि पाठ्यक्रम | वडा, संघसंस्था, विद्यालय गाउँपालिका | स्थानीय तहमा रहेका भौगोलिक ऐतिहासिक, पुरातात्विक, कला सहित्य, स्थानीय उपकरणहरू सम्बन्धित सरोकारवालाहरूसँगको सहभागितामा पाठ्यक्रम निर्माण | २५० | दोस्रो चौमासिक |
| १० | योग शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय, गाउँपालिका | प्रत्येक विद्यालयमा योग शिक्षक तयार गरी विद्यालयमा योग शिक्षा सिकाउने व्यवस्था गर्ने । | ५०० | दोस्रो चौमासिक |
| ११ | आयुर्वेद शिक्षा स्थापना । | गाउँपालिका, वडा र सघसंस्था | आवश्यकताको पहिचान गरी उपयुक्त स्थानमा आयुर्वेद शिक्षालय स्थापना गर्ने । | २५०० | |
| १२ | कक्षा ६ देखि ८ मा कम्प्युटरको व्यवस्थापन । | वडा, गाउँपालिका | कम्प्युटर नभएका विद्यालयहरूलाई शिक्षण सिकाइ सहयोगका लागि कम्प्युटरको व्यवस्था गर्ने । | ५००० | दोस्रो चौमासिक |
| १३ | Web site mobile applicationतयार र प्रयोग । | विद्यालय, वडा, गाउँपालिका | वेइव साइट डिजाइन, अपलोड गरी प्रचार प्रसार र प्रयोग | १५०० | प्रथम त्रैमासिक |

## १२:अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा .

### १२.१ परिचय:

सिकाइलाई जीवनपर्यन्त चलिरहने प्रक्रियाका रूपमा लिने गरिन्छ । मानिसहरू औपचारिक, अनौपचारिक र अतिरिक्त पद्धतिको माध्यमबाट जीवनजग्रत र वातावरणमा अन्तरक्रिया गर्दै अनुभवहरू हासिल गर्दछन् र केही

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

न केही नयाँ कुराहरूको सिकाइ पनि भई नै रहेको हुन्छ । तर हाम्रो समाजमा निश्चित उमेर, समय र स्थानमा सञ्चालन गरिने औपचारिक शिक्षालाई मात्रै सिकाइ मान्ने चलन रहेको छ र त्यस्तो औपचारिक शिक्षाबाट विभिन्न कारणले बञ्चित भएका मानिसहरू 'उमेरमा पढ्न पाइएन' भन्दै पश्चाताप गरेको पनि सुन्न पाइन्छ । त्यस्ता मानिसहरूमा इच्छा र जाँगर भए जीवनभर सिकाइमा सक्रियतापूर्वक संलग्न रहन पाइन्छ भन्ने भावनाको विकास गर्न सकिएमा समृद्ध र सभ्य समाजको निर्माणमा सहयोग पुग्न सक्दछ । यसै कुरालाई मध्यनजर गर्दै खार्पूनाथ गाउँपालिकाले निर्माण गरेको शिक्षा योजनामा अनौपचारिक र जीवनपर्यन्त शिक्षालाई प्राथमिकताका साथ व्यवस्था गरिएको छ ।

विगतमा सञ्चालन भएका अनौपचारिक शिक्षा कक्षाको माध्यमबाट यस गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा गर्न सकिएको छैन । २०७८ सालको जनसंख्यालाई आधार मानी कार्यक्रम सञ्चालन पश्चात साक्षरता प्रतिशत ९५ प्रतिशत रहेको छ। यसै पक्षलाई आधार मान्दा २०७९ असार २३ पुर्ण साक्षर गाँउपालिका घोषणा समेत भैसकेको छ ।

जीवनपर्यन्त शिक्षाको महत्व मानिसहरूलाई बुझाउनका लागि साक्षरताका सीपहरूलाई दैनिक जीवनका क्रियाकलापहरूसँग सम्बन्धीत गराएर त्यसबाट कसरी जीवनस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने कुरामा सम्बन्धीत व्यक्तिलाई राम्रोसँग सुसूचित गराउनु आवश्यक हुन्छ । पढाइ, लेखाइ र सामान्य गणितीय सीपको सहयोगले कृषि, घरेलु उद्यम, व्यापार, पशुपालन लगायत धेरै प्रकारका पेशा व्यवसाय सञ्चालनमा ठुलो सहयोग हुन सक्ने र यसबाट आय आर्जनमा वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन सकिने हुँदा स्थानीय स्तरकै उदाहरण सहितका सामग्रीहरूको निर्माण गरी सिकारुका अनुभवहरूलाई उपयोग गर्ने गरी जीवनपर्यन्त सिकाइलाई मूर्त रूप दिन योजना निर्माण गरिएको छ ।

## १२ २. उद्देश्य:

- साक्षर नागरिकलाई निरन्तर शिक्षाको माध्यमबाट सीपमूलक कार्यक्रमहरूमा आवद्ध गराउने ।
- निरक्षरहरूको पहिचान गरी विभिन्न माध्यमबाट साक्षर बनाउने ।
- जीवनपर्यन्त सिकाइमा जोड दिने ।

## १२ ३. रणनीति र कार्यक्रम:

| रणनीति | कार्यनीति | कार्यक्रम |
|---|---|---|
| औपचारिक शिक्षाको मूलधार बाहिर रहेका नागरिकलाई वैकल्पिक शिक्षाको व्यवस्था गर्ने । | • औपचारिक शिक्षाको मूलधारभन्दा बाहिर रेहका बालबालिकालाई सामुदायिक अध्ययन केन्द्र एवं शैक्षिक निकायले सञ्चालन गर्ने वैकल्पिक शिक्षाको माध्यमबाट शिक्षाको मूलधारमा ल्याइनेछ ।<br>• शिक्षकहरूको क्षमता अभिवृद्धि गरी स्थानीय रूपमा बोलिने भाषाहरूलाई व्यवहारिक रूपमा अन्तरसंवादको रूपमा अगाडि बढाइनेछ । | १) सामुदायिक अध्ययन केन्द्र स्थापना तथा सञ्चालन ।<br>२) बहुभाषामा शिक्षण गर्ने<br>३) छोटो अवधिको तालिम, समूह गठन तथा आयआर्जन सहयोग । |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | |
|---|---|---|
| | • औपचारिक शिक्षाबाट बञ्चित भएका नागरिकहरूलाई पेशा तथा प्रविधिसँग मेलखाने सीपहरू प्रदान गरी आयआर्जन क्रियाकलापमा आवद्ध गरिनेछ । | |
| सबै उमेर समूहका नागरिकलाई आजीवन शिक्षा/जीवनपर्यन्त शिक्षाको व्यवस्था गर्ने । | • सबै उमेर एवं योग्यताका नागरिकहरूलाई समय अनुकूलको शिक्षामा अद्यावधि गराई जेष्ठ नागरिक, आमा समूह, बालिका शिक्षा, किशोरी शिक्षा, प्रबिधियुक्त शिक्षा, व्यावहारिक शिक्षाको व्यवस्था गरिनेछ ।<br>• विज्ञान र प्रविधिले ल्याएका खोज अनुसन्धान, विपन्न र परम्परावादी सोचलाई वर्तमान सन्दर्भमा विज्ञानसँग जोड्दै पुर्खाले दिएको ज्ञानलाई व्यावहारिक बनाइनेछ । | ४) सामुदायिक अध्ययन केन्द्रलाई प्रविधि युक्त गर्ने र पर्याप्त सिकाइ सामग्री उपलब्ध गर्ने ।<br>५) साक्षरता र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।<br>६) पुस्ता पुस्ता बिच छलफल तथा सिकाइ हस्तारण तथा राम्रा अभ्यासलाई निरन्तरताका लागि प्रोत्साहन । |

## १२ ४. कार्यान्वयन तालिका:

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत | समय अवधि |
|---|---|---|---|---|---|
| १ | सामुदायिक अध्ययन केन्द्र स्थापना तथा सञ्चालन । | गाउँपालिका र वडा कार्यालय | स्थान पहिचान, स्रोत व्यवस्था गरी अधिकांश नागरिकलाई पायक पर्ने स्थानमा अध्ययन केन्द्र स्थाना गर्ने, सामग्रीको व्यवस्था तथा प्रचार प्रचार गरी अध्ययनका लागि प्रोत्साहन गर्ने । | २००० | प्रथम चौमासिक |
| २ | बहुभाषामा शिक्षण । | विद्यालय, वडा र गाउँपालिका | शिक्षकहरूलाई बहुभाषामा सिकाउन सक्षम बनाउने, सामग्रीहरूको व्यवस्थपन गरी कार्यान्वनका ल्याउने, बेला बेलामा अनुगमन गर्ने । | १००० | दोस्रो चौमासिक |
| ३ | छोटो अवधिको तालिम, समूह गठन तथा आयआर्जन सहयोग । | गाउँपालिका | स्थानीय परिवेश, संभाव्यता र बजारको विश्लेषण गरी तालिमको छनौट गर्ने । इच्छुक युवाहरू पहिचान गरी तालिम दिने र आयआर्जनको लागि सहयोग गर्ने । | २५०० | दोस्रो चौमासिक |
| ४ | सामुदायिक | वडा तथा | सिकारुहरूको इच्छा र वर्तमान परिवेश | १००० | प्रथम |



विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | अध्ययन केन्द्रलाई प्रविधि युक्त गर्ने र पर्याप्त सिकाइ सामग्री उपलब्ध गर्ने । | गाउँपालिका | अनुसार वाइफाइको व्यवस्था गर्ने, स्थानीय ऐतिहासिक धरोहरहरूको विषयमा अध्ययन सामग्री निर्माण तथा अपलोड गर्ने । | | त्रैमासिक |
| ५ | पुस्ता-पस्ता बिच छलफल तथा सिकाइ हस्तारण । | वडा तथा गाउँपालिका | पुराना तथा नयाँ पुस्ताबिच छलफल कार्यक्रम गर्ने र परम्मपरादेखि गर्दै आएका राम्रा अभ्यास पहिचान गरी निरन्तरताका लागि प्रोत्साहन गर्ने । | ५०० | दोस्रो चौमासिक |
| ६ | साक्षरता र निरन्तर शिक्षा कक्षा सञ्चालन | गाउँपालिका | कार्यक्रम मार्फत कक्षा केन्द्रको व्यवस्था गरी साक्षरता तथा निरन्तर शिक्षाको कक्षा सञ्चालन । | १५०० | दोस्रो चौमासिक |

# १३:विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम .

## १३.१. परिचय:

स्वस्थ शरीरमा नै स्वस्थ दिमाग रहन्छ भन्ने भनाइ प्रचलित रहेको छ । बालबालिकास्वस्थ नभएसम्म उनीहरूले राम्रोसँग शिक्षा हासिल गर्न सक्दैनन् भन्ने कुरा त सर्वसाधारण अभिभावकहरूलाई पनि जानकारी भएको विषय हो । त्यसका लागि विद्यालयले स्वच्छ खानेपानी, खाजा, सफा शौचालयको व्यवस्था गर्नु पर्दछ भने यी सबै काममा विद्यालयलाई सघाउनु अभिभावकहरूको कर्तव्य हुन आउँछ । अहिले बालबालिकामा बजारमा पाइने पाकेटमा राखिएका चाउचाउ, बिस्कुट जस्ता खाद्यपदार्थ र विभिन्न ब्राण्डका पेय पदार्थहरू खाने बानी नै बसिसकेको छ । यस्ता पदार्थहरू स्वास्थ्य र पोषणको दृष्टिले कुनै महत्वका नहुनुका साथै हानिकारक पनि भएको समाचार र सन्देश विभिन्न सञ्चार माध्यमहरूमा समय समयमा प्रकाशित भएको पाइन्छ । त्यसैले यस विषयलाई गम्भिरतापूर्वक लिएर विद्यालयमा स्वास्थ्य र पोषण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ ।

## १३ २. उद्देश्य:

- विद्यालय जाने उमेरका सबै बालबालिकालाई स्वस्थ रहन सहयोग गर्ने ।
- विद्यालयको वातावरणीय सरसफाइ सुधार गर्ने ।

## १३ ३. रणनीति र कार्यक्रमहरु:

| रणनीति | कार्यनीति | कार्यक्रम |
|---|---|---|
| स्वास्थ्य तथा पोषणका विषयमा अभिभावकहरूलाई | क) अभिभावकहरूलाई स्वास्थ्य तथा पोषण सम्बन्धी जानकारी गराई बालबालिकाको | १) स्वास्थ्य र पोषणको विषयमा अभिभावक सचेतना कार्यक्रम |



विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | |
|---|---|---|
| अभिप्रेरित गरी विद्यालयमा आउन बालबालिकाको लागि पोषणयुक्त खाने कुराको बानीमा विकास गर्ने । | स्वास्थ्यको लागि विशेष जिम्मेजारी बनाइनेछ ।<br>ख) पोषणयुक्त खानाका सम्बन्धमा सचेतना गरी घरमा बनेको दिवा खाजालाई प्रवर्द्धन गरिनेछ ।<br>ग) विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सूचक भएको हाजिरी रजिस्टर अनिवार्य लागू गर्न लगाई तथ्याङ्क अद्यावधि गरी अभिभावकहरूलाई जानकारी गर्न लगाइनेछ ।<br>घ) विद्यार्थीको स्वास्थ्य परीक्षण ( कम्तिमा वर्षको २ पटक), जुकाको औषधी, भिटामिन, प्राथमिक उपचार वाकस, सेनेटरी प्याड अनिवार्यमा व्यवस्था गरिनेछ ।<br>ङ) विद्यार्थीहरूको व्यक्तिगत सरसफाई (नङ काट्ने, कपाल कोर्ने, पोसाक सरसफाइ) र विद्यालयस्तरीय सरसफाई सम्वन्धी क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।<br>च) नगरका सबै विद्यालयहरूमा खानेपानी र छात्र र छात्राका लागि बेग्लाबेग्लै शौचालयको व्यवस्था मिलाइनेछ र हरेक विद्यालयमा ऐना र साबुनको व्यवस्था, शौचालय सफा गर्ने विशेष व्यवस्था मिलाई नियम पालन गर्न अभिप्रेरित गरिनेछ । | २) टिफिनको व्यवस्थापन ।<br>३) रजिस्टरको व्यवस्था, कार्यान्वयन ।<br>४) स्वास्थ्य शिविर सञ्चालन र औषधी वितरण ।<br>५) किट बाकसको तथा सामग्रीहरूको व्यवस्था ।<br>६) स्वास्थ्य तथा सरसफाइ अभियान<br>७) पानीको परीक्षण तथा शुद्धीकरण गर्ने |

## १३ ४. कार्यान्वयन तालिका:

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यवधि | अनुमानित लागत | समय अवधि |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य र पोषणको विषयमा अभिभावक सचेतना कार्यक्रम | विद्यालय तथा शिक्षक | कक्षागत अभिभावक भेला गराई बालबालिकाको स्वास्थ्य र पोषणको विषयमा सचेत गर्ने । | ५०० | निरन्तर |
| २ | टिफिनको व्यवस्थापन । | अभिभावक, विद्यालय, वडा, गाउँपालिका, संघसंस्थाहरू | पहुँच, टिकाऊ र स्वस्थ्य र पोषणका लागि विद्यार्थीहरूलाई पोषणयुक्त खाजा र टिफिन बक्सको व्यवस्थापन गर्ने । | ५००० | निरन्तर |
| ३ | रजिस्टरको व्यवस्था, कार्यान्वयन । | विद्यालय तथा शिक्षक | विद्यालय स्वास्थ्य तथा पोषण रजिस्टर अनिवार्य प्रयोग गर्न लगाई रजिस्टरमा उल्लेखिति सूचक कक्षा शिक्षकहरूले | | निरन्तर |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अद्यावधि गर्ने गराउने | | |
| ४ | स्वास्थ्य शिविर सञ्चालन र औषधी वितरण । | वडा कार्यालय, विद्यालय | स्वास्थ्य कार्यालयमा समन्वय गरी स्वास्थ्य कर्मीको व्यवस्था गर्ने । विद्यार्थीहरूलाई स्वास्थ्य परीक्षणको बारेमा जानकारी दिई स्वास्थ्य परीक्षण गर्ने । यदि कुनै जटिल समस्या देखिएमा अभिभावकहरूलाई सम्पर्क गरी पुनः उपचारको लागि सिफारिसको व्यवस्था गर्ने । | | निरन्तर |
| ५ | प्राथमिक उपचार बाकसको व्यवस्था तथा प्रयोग । | विद्यालय तथा फोकल शिक्षक | नजिकको स्वास्थ्य कार्यालयसँग समन्वय गरी प्राथमिक उपचार बाकसको औषधी तथा सामग्री पुनर्भरण गरी भैपरी आएमा प्राथमिक उपचारको व्यवस्था गर्ने । | १५०० | निरन्तर |
| ६ | पानी परीक्षण | विद्यालय, गाउँपालिका | कोलिफम र आरसेनिक समस्या संभावित विद्यालयहरूको पानी परीक्षणको व्यवस्था स्वास्य केन्द्रसँगको समन्वयमा गर्ने । | १५० | निरन्तर |
| ७ | स्वास्थ्य तथा सरसफाइ अभियान | विद्यालय, बालक्लब | विद्यालय तथा समुदायलाई सफा सुग्घर राख्नका लागि बेला बेलामा सरसफाइ अभियान चलाउने । सफाइ अभियानमा बालबालिकाको परिचालन गर्ने । | १००० | निरन्तर |

# १४:सुरक्षित विद्यालय .

## १४.१ परिचय:

बालबालिकाहरूले आफ्नो घर परिवार तथा विद्यालयमा कुनै पनि प्रकारको शारीरिक तथा मानसिक हिंसा र तनावबाट मुक्त भई आत्म सम्मानका साथ बाँच्न र सिक्न पाउनु उनीहरूको नैसर्गिक अधिकार हो । प्रत्येक अभिभावक र विद्यालयका शिक्षकहरू यस विषयमा सधैं सचेत र सतर्क रहनु आवश्यक पर्दछ । अहिलेको अवस्थामा धेरैजसो विद्यालयमा बालबालिकाहरूको सिकाइ रुचिपूर्ण, रमाइलो र सम्मानजनक हुन नसकेको गुनासो सुनिने गरेको पाइन्छ । समय समयमा सञ्चालन गरिएका शिक्षक तालिमहरूमा दण्डरहित शिक्षण र सकारात्मकअनुशासनका विषयमा शिक्षकहरूलाई प्रशिक्षित गरिएको भए पनि अझै पनि विद्यालयहरूमा विद्यार्थीहरूलाई  शारीरिक र मानसिक दण्ड दिइएका समाचारहरू पनि आइरहेका छन् । अर्कोतिर शारीरिक दण्ड दिने प्रचलन कम भए पनि शिक्षकहरूले विद्यार्थीको अनुशासनमा वेवास्ता गरेको गुनासो पनि सुनिन थालेको छ । यस परिप्रेक्षमा विद्यालयलाईपूर्णरूपमा बालमैत्री बनाएर विद्यार्थीहरूलाई सुरक्षित र सम्मानपूर्वक सिक्ने वातावरण निर्माण गर्नका लागि तपसिलका विभिन्न क्रियाकलापहरू सञ्चालन गरिने छन् ।

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

## १४ २. उद्देश्य:

सुरक्षित विद्यालयको अनुभूति दिन विपद् व्यवस्थापन एवं जोखिम न्यूनीकरणको विषयमा सचेत गर्ने

- विपद्का लागि प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने ।
- ## १४ ३. रणनीति र कार्यक्रमहरु:

| रणनीति | कार्यनीति | कार्यक्रम |
|---|---|---|
| जोखम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्ने । | - मौसमी या अन्य रूपमा घट्न सक्ने विपद्को विश्लेषण तथा मापन गरी स्थानीय विपद् व्यवस्थापन जोखिम न्यूनीकरण कार्ययोजना तयार गरी अध्यावधिक तथा कार्यन्वयन गरिनेछ ।<br><br>-जोखिम न्यूनीकरणका लागि क्षमता विकास गरी प्रतिकार्यका लागि सक्षम बनाइनेछ ।<br><br>विपद्बाट हुनसक्ने जोखिम न्यूनीकरणका लागि विद्यालय र समुदायको सहकार्यमा सचेतना अभिवृद्धि गरिनेछ । | १) सुरक्षा योजना तयार गर्ने ।<br>२) जोखिमको नक्साङ्कन तथा मौसमी पात्रो तयार गर्ने ।<br>३) स्थानीय पाठ्यक्रमको निर्माण गर्दा स्थानीय जोखिमका विषयवस्तु (जस्तै :- आगलागी, लु, बाढी तथा डुबान, सर्पदंश, शीतलहर) समावेश गरी अध्यन अध्यापन ।<br>४) पूर्व जोखिम न्यूनीकरणको लागि प्रशस्त अभ्यास तथा सामग्रीहरू ( जस्तै बाल्टिन, बेल्चा, डोरी, कोदालो, अग्नि नियन्त्रक ग्यास) जस्ता को व्यवस्थापन ।<br>५) मौसमी क्यालेन्डर अनुसारका जोखिमहरूलाई न्यूनीकरण गर्न अतिरिक्त क्रियाकलाप तथा अन्तरक्रिया गर्ने ।<br>६) जोखिमयुक्त संरचनाको साङकेतीकरण तथा व्यवस्थापन गर्ने ।<br>७) आपतकालीन संचार सम्पर्क नम्बर(प्रहरी सेना, दमकल, नगरपालिका, एम्बुलेन्स इत्यादि) सबैको पहुँचमा देखिने गरी राख्ने । |

## १४ ४. कार्यान्वयन तालिका:

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत | समय अवधि |
|---|---|---|---|---|---|
| १ | सुरक्षा योजना तयार गर्ने । | विद्यालय | विद्यालयको विद्यमान जोखिम तथा सवल पक्ष पहिचान गरी सुरक्षा योजना बनाई विद्यार्थी तथा अभिभावकहरूलाई अवगत गराउने । | १२५ | निरन्तर |
| २ | जोखिमको नक्साङ्कन तथा मौसमी पात्रो तयार गर्ने । | विद्यालय | सम्भावित प्रकोपलाई ध्यानमा राख्दै विपद् पात्रो बनाउने । विद्यालयको | १२५ | निरन्तर |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | | | खतार, सुरक्षित निकास तथा सुरक्षित स्थान पहिचान गरी नक्साङ्कन गर्ने । | | |
| ३ | स्थानीय पाठ्यक्रमको निर्माण गर्दा स्थानीय जोखिमका विषयबस्तु ( जस्तै :- आगलागि, लु, बाढी तथा डुबान, सर्पदंश, सितलहर) समावेश गरी अध्ययन अध्यापन । | विद्यालय तथा गाउँपालिका | प्रकोप पात्रोमा उल्लेख भए बमोजिमको जोखिम भए तयार गर्ने पठन सामग्रीहरूमा विषयवस्तु बनाउने र प्रचार प्रसार गर्ने । | ५०० | निरन्तर |
| ४ | पूर्व जोखिम न्यूनीकरणको लागि प्रशस्त अभ्यास तथा सामग्रीहरू (जस्तै बाल्टिन, बेल्चा, डोरी, कोदालो, अग्नि नियन्त्रक ग्यास आदि)को व्यवस्थापन । | विद्यालय तथा शिक्षक | प्रकोप पात्रोमा उल्लेख भए बमोजिमको जोखिमको बारेमा विद्यार्थीहरूसँग छलफल गर्ने, सुरक्षाका विषयमा अभ्यास गर्ने र गराउने । आधारभूत आवश्यक पर्ने सामग्रीहरूको व्यवस्था गर्ने | | तेस्रो चौमासिक |
| ५ | मौसमी क्यालेण्डर अनुसारका जोखिमहरूलाई न्यूनीकरण गर्न अतिरिक्त क्रियाकलाप तथा अन्तरक्रिया गर्ने । | विद्यालय तथा शिक्षक | साप्ताहिक रूपमा सञ्चालन गर्ने कियाकलापहरूमा घटन सक्ने प्रकोपलाई विषयवस्तु बनाउने । व्यापक प्रचार प्रसार गरी सचेतना जगाउने । | २५० | दोस्रो चौमासिक |
| ६ | जोखिमयुक्त संरचनाको साङकेतीकरण तथा व्यवस्थापन गर्ने । | प्राविधिक, विद्यालय, शिक्षक | विद्यालयको विद्यमान संरचनागत जोखिम पहिचान प्राविधिकको सहयोगमा गर्ने र विद्यार्थीहरूलाई सचेत गराउने । | | निरन्तर |
| ७ | आपतकालीन सञ्चार सम्पर्क नम्बर (प्रहरी सेना, दमकल, नगरपालिका, एम्बुलेन्स इत्यादि) सबैको पहुँचमा देखिने गरी राख्ने । | प्रधानाध्यापक तथा शिक्षक | विद्यालयमा प्रहरी, दमकल, एम्बुलेन्स, अभिभावक आदि आपतकालीन स्थितिमा तयारीका लागि सम्पर्क नम्बर अद्यावधि गरी राख्ने र सबैलाई जानकारी दिने । | ५०० | निरन्तर |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

# १५:विविध .

## १५.१ परिचय:

विद्यालय शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउन यसका धेरै पक्षमा सुधारका कामहरू गर्नु जरुरी रहेको छ शिक्षासँग समाजका धेरै पक्षहरू सम्बन्धित हुने भएकोले ती सबै पक्षहरूमा सुधारका कामहरू नगरीकन शिक्षामा गुणस्तर ल्याउन सकिदैन । यस योजनाको माथि उल्लेखित बाहेक तपसिलका पक्षहरूमा पनि काम गर्नु आवश्यक रहेको देखिन्छ ।

## १५ २. उद्देश्य:

- विद्यालयको समग्र शैक्षिक विकासका लागि सरोकारवालाहरूलाई अभिप्रेरित गर्ने ।
- विभिन्न पक्षहरूलाई शैक्षिक लगानीका लागि जोड दिने ।

## १५ ३. रणनीति र कार्यक्रमहरु:

| रणनीति | कार्यनीति | कार्यक्रम |
|---|---|---|
| गाउँ शिक्षा सहयोग कोषको स्थापना गरी शैक्षिक लगानीमा जोड दिने । | शैक्षिक विकासका लागि सरोकारवालाहरूलाई अभिप्रेरित गरी संस्थागत तथा व्यक्तिगत रूपमा (आर्थिक, भौतिक, प्राविधिक, प्राज्ञिक) सहयोगको लागि विशेष संरचना गरी कोष स्थापना गरिनेछ । | १) कोष स्थापनाका लागि सम्पर्क, समन्वय, सहकार्य, बैठक । |
| विद्यालय शान्ति क्षेत्रको विकास गरी भयरहित सिकाइ वातावरण तयार गर्ने । | गाुणस्तरीय सिकाइका लागि विद्यालय शान्ति क्षेत्रको रूपमा सबै विद्यालयहरूलाई विकास गरिनेछ ।<br>विद्यालय शान्ति क्षेत्र कायम गर्नका लाीग सम्बद्ध पक्षहरूलाई जिम्मेवार बनाइनेछ । | २) विद्यालय शान्ति क्षेत्र स्थापनाका लागि कक्षा सञ्चालन, शिविर, तालिम, छलफल तथा अभियान । |
| सदाचार, अनुशासन एवं नैतिक शिक्षामा जोड दिने । | विद्यार्थीहरूलाई अतिरिक्त कक्षाको माध्यमबाट सामाजिक व्यवहारिक, सद्भाव, संस्कारयुक्त व्यवहार, सिकाइ र नैतिक अनुशासन सम्बन्धी शिक्षामा विशेष ध्यान दिइनेछ । | ४) संस्कार तथा अनुशासन विकासका लागि अन्तरक्रिया, कक्षा सञ्चालन, प्रवचन दिने । |
| प्रवर्तनात्मक कार्यको माध्यमबाट सिकाइमा प्रवर्द्धन गर्ने । | शिक्षक विद्यार्थीहरूलाई नयाँ नयाँ सोच र खोजका सम्बन्धमा अभिप्रेरित गराई बिभिन्न खोजमूलक कार्यमा लगाइनेछ । | ५) अवलोकन, प्रयोगात्मक अभ्यास |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

## १५.४ कार्यान्वयन तालिका:

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत | समय अवधि |
|---|---|---|---|---|---|
| १ | कोष स्थापनाका लागि सम्पर्क, समन्वय, सहकार्य, बैठक । | गाउँपालिका तथा वडा कार्यालय | आपत्कालीन कोष स्थापनाका लागि सरोकारवालाहरूसँग समन्वय र सम्पर्क राख्ने । सरकारी तथा दाता तथा विभिन्न संघ संस्थाहरूको सहयोगमा कोष स्थापना गर्ने र कोष परिचालन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने । | ५०० | निरन्तर |
| २ | विद्यालय शान्ति क्षेत्र स्थापनाका लागि कक्षा सञ्चालन, शिविर, तालिम, छलफल तथा अभियान । | गाउँपालिका, वडा, विद्यालय, राजनैतिक दलहरू | गुणस्तरीय तथा प्रभावकारी सिकाइका लागि विद्यार्थीहरू धेरै भन्दा धेरै पढाइ लेखाइ कियाकलापमा संलग्न हुनु पर्ने कुरा सबैलाई सचेत गर्ने । विद्यालयमा कुनै पनि खालको हिंसा वा दङ्गाबाट टाढा राख्नका लागि छलफल तथा प्रतिवद्धता गराउने । | ५०० | निरन्तर |
| ३ | संस्कार तथा अनुशासन विकासका लागि अन्तरक्रिया, कक्षा सञ्चालन, प्रवचन दिने । | विद्यालय | विद्यालयमा संस्कार तथा अनुशासन विकासका लागि प्रशिक्षण, छलफल तथा प्रवचन दिने व्यवस्था गर्ने । विद्यालयमा संस्कार तथा अनुशासनको अभ्यासमा प्रोत्साहन दिने । | १००० | निरन्तर |
| ४ | अवलोकन, प्रयोगात्मक अभ्यास | विद्यालय, शिक्षक | विषयगत शिक्षकले पाठ्यपस्तकमा मात्रै भर नपरी पाठसँग जोडेर परियोजना कार्य, अवलोकन तथा स्वअध्ययनलाई प्रोत्साहन गर्ने । | २५०० | निरन्तर |

## अनुसूचीहरू:

### अनुसूची– १

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

## शैक्षिक संघ संस्थाको विवरण :

| क्र.स | शैक्षिक संघ संस्थाको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | वालविकास केन्द्र | ३९ | |
| २ | आधारभूत तह (विद्यालय) | १२ | |
| ३ | माध्यमिक तह (विद्यालय) | ५ | |
| ४ | क्याम्पस | ० | |
| ५ | सामुदायिक सिकाई केन्द्र | ५ | |
| ६ | धार्मिक विद्यालय | ० | |

*स्रोत : शैक्षिक प्रोफाईल*

## जनशक्ति विवरण :

| क्र.स | विवरण | स.का | कार्यलय सहायक | कार्यलय सहयोगी | प्राथमिक | निम्न माध्मिक | माध्मिक | ११-१२ |
|---|---|---|---|---|---|---|---|---|
| १ | गाउँपालिका अनुदान | १० | ४ | ३ | २६ | २३ | ३ | ० |
| २ | दरबन्दी | २९ | | १७ | ४० | १३ | २ | ४ |
| ३ | राहत | | | | ४ | ३ | २ | ० |
| ४ | प्राविधिक धार | | | | ० | ० | ३ | ४ |
| ५ | जम्मा | ३९ | ४ | २० | ७० | ३९ | १० | ८ |

*स्रोत : शैक्षिक प्रोफाईल*

कक्षागत विद्यार्थी विवरण शैक्षिक २०७८ :

| क्र.स | कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|
| १ | १ | १७६ | १७१ | ३४७ |
| २ | २ | १३१ | ११७ | २४८ |
| ३ | ३ | १५१ | १०९ | २६० |
| ४ | ४ | ९७ | ९५ | १९२ |
| ५ | ५ | १११ | ७६ | १८७ |
| ६ | ६ | ८० | ७१ | १५१ |
| ७ | ७ | ८५ | ७१ | १५६ |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ८ | ८ | ६४ | ६७ | १३१ |
| ९ | ९ | १०४ | ६७ | १७१ |
| १० | १० | १७० | १२८ | २९८ |
| ११ | ११ | ११ | २ | १३ |
| १२ | १२ | ३१ | १६ | ४७ |
| **जम्मा** | | १२११ | ९९० | २००१ |

स्रोत शैक्षिक प्रोफाइल  खार्पुनाथ गाँउपालिका

## अनुसूची– २

## प्रारम्भिक बालविकास केन्द्र



विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| १ | रामकृष्ण बालविकास केन्द्र खार्पुनाथ -१ लाली | ७ | १८ | २५ | |
| २ | गरिवि बालविकास केन्द्र खार्पुनाथ -१ गोप्का | १० | १२ | २२ | |
| ३ | भानुभक्त बालविकास केन्द्र खार्पुनाथ -१ गोप्का | १५ | १० | २५ | |
| ४ | दलित उत्थान बालविकास केन्द्र खार्पुनाथ -१ गोप्का | १० | १२ | २२ | |
| ५ | लेप्चे बालविकास केन्द्र खार्पुनाथ -१ गोप्का | १२ | १४ | २४ | |
| ६ | चिसामुल बालविकास केन्द्र खार्पुनाथ -१ चिसामुल | ६ | ७ | १३ | |
| ७ | मोतिराम बालविकास केन्द्र खार्पुनाथ -१ देउखुरी | १३ | २० | ३३ | |
| ८ | कैलाश (क) बालविकास केन्द्र खार्पुनाथ -१ प्यूस | १७ | १८ | ३५ | |
| ९ | कैलाश (ख) बालविकास केन्द्र खार्पुनाथ -१ प्यूस | १८ | १८ | ३६ | |
| १० | सपना बालविकास केन्द्र खार्पुनाथ -१ प्यूस | ५ | ४ | ९ | |
| ११ | हिमजोति बालविकास केन्द्र खार्पुनाथ -२ थाली | १७ | १८ | ३५ | |
| १२ | महादेव बालविकास केन्द्र खार्पुनाथ -२ थाली | १७ | १७ | ३४ | |
| १३ | सरस्वति बालविकास केन्द्र खार्पुनाथ -२ थाली | ७ | १० | १७ | |
| १४ | ज्ञानज्योति बालविकास केन्द्र खार्पुनाथ -३ काराङ्ग | १० | ११ | २१ | |
| १५ | मष्टादेव बालविकास केन्द्र खार्पुनाथ -३ राया | १० | ११ | ३१ | |
| १६ | कैलासपुरी बालविकास केन्द्र खार्पुनाथ -३ राया | ८ | ९ | १७ | |
| १७ | हुम्ला बालविकास केन्द खार्पुनाथ -३ राया | १५ | १३ | २८ | |
| १८ | प्रगतिशिल बालविकास केन्द खार्पुनाथ -३ राया | १४ | १५ | २९ | |
| १९ | ज्ञानशिक्षा बालविकास केन्द खार्पुनाथ -३ राया | ७ | ६ | १३ | |
| २० | कुलदेबता बालिबकास केन्द्र खार्पुनाथ ४ छिप्रा | २० | २५ | ४५ | |
| २१ | उज्जल बालिबकास केन्द्र खार्पुनाथ ४ छिप्रा | ३० | २१ | ५१ | |
| २२ | चनद्रनाथ बालिबकास केन्द्र खार्पुनाथ ४ छिप्रा | ९ | ९ | १८ | |
| २३ | लेखबेशी बालविकास केन्द्र खार्पुनाथ -४ लेख | ८ | ७ | १५ | |
| २४ | हिल्सा बालविकास केन्द्र खार्पुनाथ -४ माभ्का | ७ | ८ | १५ | |
| २५ | मष्टादेव बालविकास केन्द्र खार्पुनाथ -४ माभ्का | ११ | ९ | २१ | |
| २६ | दलित बालविकास केन्द्र खार्पुनाथ -५ | १० | १० | २० | |
| २७ | मान्धारा बालविकास केन्द्र खार्पुनाथ -५ | ११ | १६ | २७ | |
| २८ | अमरसिंह बालविकास केन्द्र खार्पुनाथ -५ | १० | ६ | १६ | |
| २९ | जोगराज बालविकास केन्द्र खार्पुनाथ -५ | २० | १६ | ३६ | |
| ३० | पुजा बालविकास केन्द्र खार्पुनाथ -५ | ३ | ४ | ७ | |
| ३१ | हिल्सा बालविकास केन्द्र खार्पुनाथ -५ दुर्पा | १४ | ५ | १९ | |
| ३२ | ताक्ला हिल्सा बालविकास केन्द्र खार्पुनाथ -५ | ६ | ७ | १३ | |
| ३३ | बाम्टा हिल्सा बालविकास केन्द्र खार्पुनाथ -५ बाम्टा | ८ | ७ | १५ | |
| ३४ | कृष्णराम बालविकास केन्द्र खार्पुनाथ -१ | ५ | ७ | १२ | |
| ३५ | हिल्सा नौधारा बालविकास केन्द्र खार्पुनाथ -५ दुर्पा | ७ | ८ | १५ | |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ३६ | जोगराज बालविकास केन्द्र ग | २ | ३ | | |
| ३७ | गुम्बा बालविकास केन्द्र राया | ७ | ९ | १७ | |
| ३८ | जोकराज वालविकास केद्र ख | ५ | ७ | १२ | |
| ३९ | मष्ठादेव वालविकास केन्द्र | ९ | ३ | १२ | |
| जम्मा | | | | | |

## अनुसूची–३

## आधारभुत तह सञ्चालन भएका विद्यालयहरुको विवरण

| क्र.स | विद्यालयको नाम र ठेगाना | छात्रा | छात्र | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | भानुभक्त आधारभूत विद्यालय खार्पूनाथ–१ गोप्का , हुम्ला | ९९ | १०५ | २०४ | |
| २ | कैलाश आधारभूत विद्यालय खार्पूनाथ–१ प्यूस , हुम्ला | १०७ | ८६ | १९३ | |
| ३ | मोतिराम आधारभूत विद्यालय खार्पूनाथ–१ देउखुरी , हुम्ला | ४० | ३७ | ७७ | |
| ४ | सरस्वती आधारभूत विद्यालय खार्पूनाथ–२ सेराडील , हुम्ला | २१ | १६ | ३७ | |
| ५ | ज्ञान ज्योति आधारभूत विद्यालय खार्पूनाथ–३ काराङ्गा , हुम्ला | ३८ | ४१ | ७९ | |
| ६ | इन्द्र ज्वाला आधारभूत विद्यालय खार्पूनाथ–४ लेख , हुम्ला | ३० | २७ | ५७ | |
| ७ | चन्द्रनाथ आधारभूत विद्यालय खार्पूनाथ–४ नल्ला , हुम्ला | ३५ | २५ | ६० | |
| ८ | मष्ठदेव आधारभूत विद्यालय खार्पूनाथ–४ माझ , हुम्ला | ५९ | ३४ | ९३ | |
| ९ | बागेश्वरी आधारभूत विद्यालय खार्पूनाथ–५ ताक्ला , हुम्ला | ७१ | ७१ | १४२ | |
| १० | अमरसिंह आधारभूत विद्यालय खार्पूनाथ–५ याङ्चु , हुम्ला | २२ | १८ | ४० | |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | हिल्सा नौधारा आधारभूत विद्यालय खार्पूनाथ–५ दुर्पा , हुम्ला | ४१ | २८ | ६९ | |
| १२ | जोगराज आधारभूत विद्यालय खार्पूनाथ–५ स्यालावाडा , हुम्ला | ५० | ३८ | ८८ | |
| जम्मा | | ६१३ | ५२६ | ११३९ | |

## अनुसूची–४

**माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुको विवरण :**

| क्र.स | विद्यालयको नाम र ठेगाना | छात्रा | छात्र | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री मालिका मा.वि. खार्पूनाथ –१ लाली , हुम्ला | १३७ | १२८ | २६५ | |
| २ | श्री शंकर मा.वि. खार्पूनाथ–२ थाली , हुम्ला | १७९ | १३६ | ३१५ | |
| ३ | श्री हुम्ला मा.वि. खार्पूनाथ–३ राया , हुम्ला | १६६ | १२७ | २९३ | |
| ४ | श्री सिता मा.वि. खार्पूनाथ–४ छिप्रा | २२२ | २०९ | ४३१ | |
| ५ | श्री मान्धारा मा.वि. खार्पूनाथ–५ हुम्ला | ११८ | १२३ | २४१ | |
| जम्मा | | ८२२ | ७२३ | १५४५ | |

## अनुसूची– ५

**विषयगत सिकाइ उपलब्धि विवरण कक्षा (१ -५ ) :**

| कक्षा | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक सि.अ.क | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ६२.३० | ५५.७० | ५८.५० | ५७.४० | ६३.३० | ५९.४४ |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ५९.१० | ५१.१० | ५०.२० | ४९.९० | ५३.५० | ५२.७६ |
| ३ | ५४.५० | ५३.२० | ४८.७० | ४८.७० | ४८.५० | ५०.७२ |
| ४ | ५३.६० | ५०.८० | ४९.०० | ५०.२० | ५२.०० | ५१.१२ |
| ५ | ५२.८० | ४९.४० | ४९.३० | ४८.६० | ५१.८० | ५०.३८ |
| जम्मा | ५६.४६ | ५२.०४ | ५१.१४ | ५०.९६ | ५३.८२ | ५२.८८ |

**विषयगत सिकाइ उपलब्धि विवरण कक्षा (६-८ ) :**

| कक्षा | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | पेशा व्यवसाय | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ६ | ५०.३० | ४६.५० | ४५.७० | ४८.२० | ५३.२० | ५७.२० | ५०.१८ |
| ७ | ५१.६० | ४६.८० | ४६.५० | ४९.१० | ५४.०० | ५७.३० | ५०.८८ |
| ८ | ५२.४० | ४८.३० | ४४.१० | ४८.९० | ५५.४० | ५३.६० | ५०.४५ |
| जम्मा | ५१.४३ | ४७.२० | ४५.४३ | ४८.७३ | ५४.२० | ५६.०३ | ५०.५१ |

**विषयगत सिकाइ उपलब्धि विवरण कक्षा ९ :**

| कक्षा | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | स्वस्थय तथा जनसंख्या | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ९ | ५२.२० | ४९.५० | ४८.३० | ४८.७० | ५२.३० | ५५.०० | ५१.०० |

## अनुसूची– ६

**प्राविधिक धार सञ्चालन रहेका विद्यालय र विद्यार्थी विवरण** :

| क्र.स | विद्यालयको नाम | ठेगाना | विषय | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|---|---|---|---|
| १ | सिता मा.वि. | खार्पूनाथ–४ छिप्रा | कम्प्युटर इन्जिनियरिङ | २९ | १२ | ८ | ११ |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

**सामुदायिक सिकाइ केन्द्रहरुको विवरण :**

| क्र.स | सामुदायिक सिकाइ केन्द्रको नाम | ठेगाना | सहजकर्ताको नाम थर |
|---|---|---|---|
| १ | लाली सामुदायिक सिकाइ केन्द्र | खार्पूनाथ–१ लाली, हुम्ला | रामदेवी रोकाया |
| २ | राया सामुदायिक सिकाइ केन्द्र | खार्पूनाथ–३ राया , हुम्ला | बास्तोला रोकाया |
| ३ | छिप्रा सामुदायिक सिकाइ केन्द्र | खार्पूनाथ–४ छिप्रा , हुम्ला | सम्झना रोकाया |
| ४ | खार्पूनाथ सामुदायिक सिकाइ केन्द्र | खार्पूनाथ–५ हुम्ला | उषा हमाल |
| ५ | थाली सामुदायिक सिकाइ केन्द्र | खार्पुनाथ २ थाली | लक्ष्मी रावल |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष